**सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरू**
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफुकलगायतका गलत परम्परागत उपचार विधितिर नलाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

**जनहितमा जारी सन्देश**
- देशभरि हैजा देखापरिरहेको छ। सफा-सुग्घर तथा स्वस्थकर वातावरण बनाऔं।
- बासी खाना नखाऔं, पानी सफा, सकभर उमालेर खाऔं।
- सडक, फुटपाथमा जथाभावी सामग्रीले बनाएको खाना-नास्ता बहिष्कार गरौं।
- नित्य स्नान, व्यायाम, प्रातःभ्रमण गरौं।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ साउन ३२ गते शुक्रवार // मूत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 August 16 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३४५

## भारतको ७८औं स्वतन्त्रता दिवस मनाइयो

प्रस, वीरगंज, ३१ साउन/

भारतको ७८औं स्वतन्त्रता दिवस वीरगंजस्थित भारतीय महावाणिज्य दूतावास कार्यालयमा विविध कार्यक्रम गरी मनाइएको छ। दिवसको अवसरमा बिहीवार बिहान महावाणिज्यदूत देवी सहाय मीणाले भारतको राष्ट्रिय झन्डा झन्डोतोलन गरेका थिए।


तस्वीर: प्रतीक

सो अवसरमा उनले भारतका राष्ट्रपति श्रीमती द्रौपदी मुर्मूले राष्ट्रको नाममा जारी गरेको सन्देश पढेर सुनाएका थिए। कार्यक्रममा वीरगंजका १३ वटा विद्यालय र कलेजका विद्यार्थीहरूले विविध सांस्कृतिक कार्यक्रम प्रदर्शन गरेका थिए। दिवसकै अवसर पारेर महावाणिज्य दूतावासले आशा किरण केन्द्रमा आयोजना गरेको चित्रकला प्रदर्शनीमा प्रथम, द्वितीय र तृतीय भएका विद्यार्थीलाई पुरस्कृत गरेको थियो।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसाल, प्रहरी उपरीक्षक कुमोध ढुङ्गेल, सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमाललगायतको सहभागिता थियो।

यसैगरी, काठमाडौंस्थित भारतीय राजदूतावासमा आज भारतको ७८औं स्वतन्त्रता दिवस मनाइएको छ।

सो अवसरमा नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले भारतको राष्ट्रिय झन्डा झन्डोत्तोलन गरी समारोहको शुभारम्भ गरेका थिए। कार्यक्रममा भारतका राष्ट्रपति द्रौपदी मुर्मूले राष्ट्रका नाममा गरेको सम्बोधन भिडियोमार्फत प्रस्तुत गरिएको थियो।

राष्ट्रपतिको उक्त सन्देशमा विगत ७७ वर्षमा विभिन्न क्षेत्रमा भएको प्रगतिमाथि प्रकाश पारिएको र भारतको स्वतन्त्रताका लागि आफ्नो जीवन बलिदान दिने स्वतन्त्रता सेनानीहरूलाई श्रद्धाञ्जलि अर्पण गरिएको थियो।



कार्यक्रममा राजदूत श्रीवास्तवले भारतीय सशस्त्र बलका मृतक गोर्खा सैनिकका पत्नी र निकटतम नातेदारलाई रु पाँच करोड ५० लाख र कम्बल वितरण गरी सम्मान गरेका थिए। साथै भारतीय सशस्त्र बलका मृतक सैनिकका पत्नी एवं १०७ जना मृतक सैनिकका निकटतम नातेदारका लागि रु १२ करोड ५५ लाख भुक्तानी दिइएको थियो।

सो भुक्तानीमा आर्मी ग्रुप इन्स्योरेन्स (एजिआई) कार्यक्रम अन्तर्गत सन् २०२४ का लागि 'डेथ-इन-सर्भिस', 'एक्सटेन्डेड इन्स्योरेन्स' र एजिआई परिपक्वता भुक्तानीलगायतका लाभहरू समावेश छन्।

दूतावासले नेपालका पाँच प्रदेशका २१ शैक्षिक संस्था र पुस्तकालयका लागि पुस्तक अनुदानको पनि घोषणा गरेको छ। यस पहलले प्राप्त अनुरोधको प्रत्युत्तरमा दुर्गम क्षेत्रका विद्यार्थीका लागि शैक्षिक सामग्रीमा पहुँच बढाउने लक्ष्य राखेको छ।

दूतावासका अधिकारी तथा उनीहरूका परिवारका अतिरिक्त नेपालमा रहेका भारतीय समुदायका सदस्य तथा शुभेच्छुकहरूको भारतको ७८औं स्वतन्त्रता दिवसको अवसरमा आयोजित कार्यक्रममा सहभागिता थियो। सो अवसरमा दूतावासको स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र र केन्द्रीय विद्यालय, काठमाडौंका शिक्षक तथा विद्यार्थीले देशभक्ति गीत र नृत्य प्रस्तुत गरेका थिए।

**'एक पेड माँ के नाम' अभियान अन्तर्गत वृक्षारोपण**

भारतीय दूतावास, लैनचौरमा आफ्ना आमाहरूको सम्मानमा सबैलाई वृक्षारोपण गर्न आग्रह गर्दै 'एक पेड माँ के नाम' अभियान अन्तर्गत वृक्षारोपण गरिएको छ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले विश्व वातावरण दिवस, २०२४ का अवसरमा 'एक पेड माँ के नाम' अभियान शुभारम्भ गरेका थिए। सो अभियानलाई भारतीय जनताको समर्थन र सहभागितासहित सफल कार्यक्रमका रूपमा भारतभरि लिइने गरेको छ।

(बाँकी अन्तिम पातामा)

## जहाँ खाली, त्यहाँ हरियाली महानगरको अभियान

प्रस, वीरगंज, ३१ साउन/

वीरगंज महानगरपालिकाले ड्राइपोर्ट-परवानीपुर सडकलाई हरियाली बनाउन वृक्षारोपणलाई निरन्तरता दिएको छ।


तस्वीर: प्रतीक

सो सडकखण्डको डिभाइडरमा यस अघि वृक्षारोपण गरी हरियाली बनाइसकेको महानगरले बिहीवार अपौनीतर्फको सडक डिभाइडरमा वृक्षारोपण गरेको छ। ड्राइपोर्टदेखि परवानीपुरसम्म सडकको डिभाइडरमा वृक्षारोपण गरी हरित शहर बनाउने लक्ष्य रहेको नगरप्रमुख राजेशमान सिंहले बताए। उनले वृक्षारोपणबाट सडकको सौन्दर्य पनि झल्किने भएकाले वृक्षारोपण अभियान अघि बढाइएको नगरप्रमुख सिंहले बताए।

यस अघि महानगरले शङ्कराचार्यद्वारदेखि गण्डकसम्मको बाइपास सडकमा वृक्षारोपण गरी हरियाली बनाउने काम गरिसकेको छ। अब बाँकी रहेका सडक डिभाइडर तथा किनारामा वृक्षारोपण भइरहेको उनले बताए।

जहाँ खाली, त्यहाँ हरियाली लक्ष्यका साथ महानगरले सडक डिभाइडर तथा सार्वजनिक तथा ऐलानी जग्गाहरूमा वृक्षारोपणलाई निरन्तरता दिएको छ।

वृक्षारोपण कार्यक्रममा म्याङ्गो स्टिक, गुलमोहर, पीपल, समी, अशोक, नीमलगायत विभिन्न प्रजातिका पाँच सयवटा बिरुवा रोपिएको महानगरपालिकाको वातावरण शाखा प्रमुख राकेश जयसवालले जानकारी दिए।

कार्यक्रममा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराई, डिभिजन वन कार्यालयका प्रमुख सुनीललाल कर्ण, प्रहरी निरीक्षक नीता थापालगायतको सहभागिता थियो।

## सबैया वन उपभोक्ता समितिको निर्वाचन हुन सकेन

नरेश यादव, पर्सागढी, ३१ साउन/

पर्सा जिल्लामा रहेका तीनवटा साझेदारी वन उपभोक्ता समितिमध्ये अहिले सबैया साझेदारी वन उपभोक्ता समितिको निर्वाचन हुन सकेको छैन।


तस्वीर: प्रतीक

यो वन उपभोक्ता समिति डेढ वर्ष अगाडि अदालतको आदेशमा भङ्ग भएको हो। प्रत्येक तीन वर्षमा निर्वाचनबाट नयाँ पदाधिकारी चयन हुनुपर्नेमा सबैया साझेदारी वन उपभोक्ता समितिले पाँच वर्ष कार्यकाल पूरा गर्दा पनि निर्वाचन गर्न सकेको थिएन, जसविरुद्ध अदालतमा परेको रिटमा अदालतले समिति खारेज गरी नयाँ निर्वाचनबाट पदाधिकारी चयनको आदेश दिएको थियो।

सबैया साझेदारी वन उपभोक्ता समितिका पूर्वअध्यक्ष लखनलाल साहले निर्वाचनको लागि तयारी पूरा भइसकेको र डिभिजन वन कार्यालयको निर्देशनको पर्खाइमा रहेको बताए। उनले वीरगंज महानगरपालिकाका ३० वटा वडा र पर्सागढी नगरपालिकाका तीन र चार गरी दुईवटा वडा गरी ३२ वटा वडामा प्रतिनिधि छनोट कार्य सम्पन्न भइसकेको बताएका छन्। अधिवेशनको लागि अहिले डिभिजन वन कार्यालयको निर्देशनको पर्खाइमा रहेको उनले बताए।

डिभिजन वन कार्यालय, पर्साका प्रमुख वन अधिकृत सुनीललाल कर्णले निर्वाचनको लागि नीति नियम बनाउने कार्य भइरहेको बताए। अहिले पर्सा जिल्लामा विन्ध्यवासिनी कोइलाभार वन उपभोक्ता समिति रिजवान अन्सारीको नेतृत्वमा र गादीमाई साझेदारी वन उपभोक्ता समिति सहरूम राउत गद्दीको नेतृत्वमा सञ्चालनमा छन्। सबैया साझेदारी वन उपभोक्ता समिति सञ्चालनमा रहँदा यी दुई वन उपभोक्ता समितिहरूले समयमा निर्वाचन गर्न नसकेको कारण लामो समयदेखि नेतृत्वविहीन थियो।

अहिले सबैया साझेदारी नेतृत्वविहीन हुँदा यसले प्रदान गर्ने एम्बुलेन्स सेवा पनि प्रभावित भएको छ। पूर्वअध्यक्ष लखनलाल साहले वन उपभोक्ता समितिलाई लक्षित गरेर एम्बुलेन्स सेवा सञ्चालनमा ल्याएका थिए। साझेदारी वन उपभोक्ता समिति खारेज भएसँगै एक वर्षदेखि एम्बुलेन्स सेवा पनि प्रभावित भएको छ। एम्बुलेन्सले सेवा नदिंदा त्यत्तिकै थन्काएर राखिएको छ। समिति चलायमान नहुँदा एम्बुलेन्स सेवा अवरुद्ध भएको हो। डिभिजन वन कार्यालय, पर्साका प्रमुख वन अधिकृत कर्णले उपभोक्ता समिति गठन नहुन्जेलसम्म एम्बुलेन्स सेवा सञ्चालनका लागि नीति नियम निर्माण गर्न लागेको बताए। उनले एम्बुलेन्स सेवा चाँडै सञ्चालनमा आउने बताए।

## आउँदो चुनावमा जनमतले दुई तिहाइ बहुमत ल्याउने -डा राउत

प्रस, रौतहट, ३१ साउन/

जनमत पार्टीका अध्यक्ष एवं सांसद डा सिके राउतले आगामी चुनावमा मधेस प्रदेशमा जनमत पार्टीले दुई तिहाइ बहुमत ल्याउने दाबी गरेका छन्।


तस्वीर: प्रतीक

गौर राइस मिलमा बिहीवार आयोजित कार्यक्रममा उनले अहिले गठबन्धनको सरकार भएको र यसमा काम गर्न विभिन्न बाधा व्यवधानहरू बेहोर्दै आउनुपरेको बताए। उनले आगामी चुनावमा दुई तिहाइ बहुमत ल्याएर आफू अनुकूलको कानुन निर्माण गर्न सकिने र त्यसको लागि अहिलेदेखि तयारी गर्न कार्यकर्ताहरूलाई निर्देशन दिए। अध्यक्ष डा राउतले केन्द्रीय राजनीतिमा दुई ठूला दलहरूको हालीमुहाली बढेको र साना दलहरूको कुरा सुन्ने नगरेको बताए। उनले संसद्मा जनमत पार्टीको आवाज सुन्ने नगरेको कारण आगामी दिनमा सडक आन्दोलनमार्फत आफ्नो आवाजलाई सरकारसम्म पुर्‍याउने बताए। अधिकारको लागि सदैव सङ्घर्षशील हुनुपर्ने अवस्था रहेको भन्दै उनले सङ्घर्षलाई निरन्तरता दिन नसकिएको खण्डमा अधिकारबाट वञ्चित हुनुपर्ने बताए।

जनमत पार्टी रौतहटका इन्चार्ज शेख जमशेदको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष वसन्त कुशवाहा, केन्द्रीय सदस्य देवेन्द्र मिश्र, पर्सा अध्यक्ष ओमप्रकाश सर्राफ र रम्भा मिश्रलगायतले राजनीतिक कार्यकर्ताभन्दा सामाजिक कार्यकर्ता बनेर जनमुखी काम गर्नुपर्ने बताए।

उनीहरूले अन्य दलमा अराजकता फैलाउने व्यक्तिहरूको हालीमुहाली बढ्दै गएको बताउँदै जनमत पार्टीमा त्यस्तो हुन नदिन सबै कार्यकर्तालाई आग्रह गर्दै निरन्तर खबरदारीसँगै जनसेवामा लाग्न सुझाए।

**नेशनल मेडिकल कलेज शिक्षण अस्पताल वीरगंजको सूचना**

यही आँउदो २०८१ भदौ १ गतेदेखि यस नेशनल मेडिकल कलेज शिक्षण अस्पताल, वीरगंजमा नेपाल सरकारको विपन्न नागरिक औषधि उपचार सेवा अन्तर्गत मुटु (हृदय) रोग, हेड तथा स्पाइन इन्जुरीसमेतका बिरामीहरूको उपचारमा रु १,००,०००/- (एक लाख)सम्मको उपचार खर्च सहुलियत नेपाल सरकारबाट प्रदान गरिनेछ। साथै नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम भदौ १ गतेबाट सञ्चालन हुन गइरहेको पनि जानकारी गराउन चाहन्छौं। उक्त सहुलियतको लाभ उठाउन सम्पूर्ण सर्वसाधारणमा अनुरोध छ।

सम्पर्क नं.: ०५१-५९१०१४, ५९१३२०, इमेल: nmc@nmcbir.edu.np

**नेशनल मेडिकल कलेज शिक्षण अस्पताल परिवार**

## विचारसार र सूक्तिहरू

**संसारमा दुईवटा यस्ता बिरुवा छन्, जुन कहिले ओइलाउँदैनन्। ओइलाइहाले त्यसको कुनै उपचार छैन। पहिलो हो 'प्रेम' र दोस्रो 'विश्वास'।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com

# सुधार्ने तत्परता

**जम्बो मन्त्रिमण्डलप्रति चौतर्फी असन्तुष्टि शुरू भएपछि प्रदेश सरकारले सबै राज्यमन्त्रीलाई पदमुक्त गऱ्यो। २० सदस्यीय मन्त्रिपरिषद् १२ सदस्यीयमा झरेको छ। हुनत सातदेखि नौ सदस्यीय मन्त्रिपरिषद् प्रदेश सरकारको लागि पर्याप्त हो। नेपालको संविधानमा सङ्घ र प्रदेश सरकारमा मन्त्रिमण्डलको सदस्य सङ्ख्याबारे स्पष्ट व्यवस्था छ। सङ्घमा अधिकतम २५ सदस्यीय र प्रदेशमा अधिकतम १० सदस्यीय मन्त्रिपरिषद् रहन सक्छ। यसलाई कार्यान्वयन गर्नका लागि सङ्घीय र प्रदेश सरकारले आआफ्ना ऐन, कानून, नियम, विनियमहरू बनाएका हुन्छन्। संविधान, ऐन, कानूनलाई बङ्ग्याउँदै, लत्याउँदै जम्बो मन्त्रिमण्डल बनाउने हर्कतहरू भएका छन्। कुनै एक दलको स्पष्ट बहुमत नआउने, दुई दलसम्म मिलाएर बहुमत पुऱ्याउन पनि गाऱ्हो। यो अवस्थमा साना–मसिना राजनीतिक दल र स्वतन्त्र सांसदहरूलाई समेत फकाएर बहुमत पुऱ्याउनुपर्दा मन्त्रिपरिषद् सदस्यको सङ्ख्या बढने नै भयो। मन्त्री नदिए समर्थन गर्दैनन्। कतिसम्म भने एउटै दलभित्रका गुट, उपगुट, असन्तुष्ट पक्षलाई सामसुम पार्न पनि मन्त्री दिनुपर्ने बाध्यता छ।**

**जसरी पनि सरकारमा जानै पऱ्यो, विद्यमान व्यवस्थाको परिधिभित्र रहेर चलिने चाल र अपनाइने उपायहरू सबै लोकतान्त्रिक हुन्। चुनावमा सहभागी हुनु भनेकै सरकार बनाउन हो। तसर्थ जेसुकै गरेर भएपनि सरकारमा जानैपर्ने दलहरूको होडमा मुलुकले थेग्न नसक्ने गरी मन्त्री पाल्नुपरेको छ। काम तथा जिम्मेवारीको चापलाई हेर्दा कुनै पनि प्रदेशमा राज्यमन्त्रीको काम छैन। मन्त्रीले काम नपाएर बसिरहेको बेला राज्यमन्त्रीको आवश्यकता किन ? मन्त्री भएपछि दुई/चार जना अगुवापछुवा राखेर झन्डा हल्लाउनुपऱ्यो, केही न केही योजनामा दख्खल राख्नुपऱ्यो। भागबन्डामा सहभागी भइदिनै पऱ्यो। एकजनाले गरेर हुने ठाउँमा मन्त्री र राज्यमन्त्री दुईजना ढसमस हुँदा काम गर्नलाई बाधा मात्रै हुन्छ। कुनै बेला सङ्घीय सरकारको मन्त्रिपरिषद् सदस्यको सङ्ख्या झन्डै पौने एक सयजनाको हाराहारीमा पनि पुग्यो। मन्त्रीकै सङ्ख्याले सरकारले गणपूरक पुऱ्याउने हो कि जस्तो अवस्था पनि नआएको हैन। सबैले बुझिरहेका हुन्थे, विरोध पनि गरिन्थ्यो। अरूले विरोध गरे पनि सरकार समर्थित दल र तिनका कार्यकर्ताले भने स्वागत र समर्थन गरिरहेका हुन्थे। विकृति न्यूनीकरणको क्रममा छ।**

**मधेस सरकारको जम्बो मन्त्रिपरिषद्को विरोध गर्दै जसपा निकट युवा विद्यार्थी सङ्गठन सडकमा उत्रियो। बुद्धिजीवीहरू औंला ठ्याउँदै थिए, सर्वसाधारण जनता नाक खुम्च्याउँदै थियो। भएको यति हो। सरकारले आँखा र कान बन्द राख्यो भने औंला ठड्याइ र नाक खुम्च्याइले केही फरक पर्दैन। अहिले नै नेपालमा बङ्गलादेश आउने हैन क्यारे। त्यहाँ पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभिन्न चालहरूको मिश्रणबाट ज्वारभाटा आएको धेरैलाई थाहा छ। जेहोस्, मधेस सरकारको नेतृत्व गरिरहेका जनमत पार्टी, सत्ता साझेदार नेपाली काङ्ग्रेसले नागरिकको भावना बुझ्यो। तब मुख्यमन्त्रीले राज्यमन्त्रीहरूलाई पदमुक्त गरे। यसले जनताको आवाज सुन्ने, आत्मसमीक्षा गर्ने, आलोचना स्वीकार्ने र त्रुटिहरू सुधार्ने सरकारको तत्परतालाई देखाएको छ। सङ्घ या प्रदेश, यस अघिका सरकारहरूले 'पेलेर जाने' भन्ने संस्कार पालेका थिए। मधेसमा यसपटक केही फरक पाइएको छ। अब प्रदेशको चौतर्फी विकास तथा प्रगतिका लागि पनि सरकार जनभावना अनुसार अगाडि बढोस्।**

# बङ्गलादेशको दुर्भाग्यपूर्ण घटना

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**रूसी आक्रमणमा युक्रेनी मारिंदा तथा इजरायली आक्रमणमा हमासका आतङ्ककारी मारिंदा शोक व्यक्त गर्ने नेपालका वाम राजनीतिज्ञ, बुद्धिजीवी र विश्लेषकहरूले बङ्गलादेशका हिन्दू र बौद्धमाथि भएका घटनाको विरोधमा एक शब्द पनि खर्च गरेनन्।**

बङ्गलादेशमा हालै भएको सत्ता परिवर्तनबाट नेपाल पनि अछूतो नरहने तथा नेपालका विद्यार्थीहरू पनि सरकारको विरोधमा सडकमा आउने र देशमा परिवर्तन आउने विमर्श पनि व्यापकरूपमा भएको देखियो। श्रीलङ्कामा आन्दोलन सफल हुँदा पनि नेपालमा यस्तै चर्चा भएको थियो तर केही पनि भएन। बङ्गलादेशमा शेख हसिना लगातार १६ वर्षसम्म सरकारको नेतृत्वमा थिइन्, त्यस कारण जनतामा सत्ताविरोधी आक्रोश देखिएको हुन सक्छ। यद्यपि यसलाई देशीविदेशी षडयन्त्रको रूपमा पनि हेर्नेहरू धेरै छन्। निवर्तमान प्रधानमन्त्री शेख हसिना वाजेदका पुत्र स्वयंले नै अमेरिकालाई सैनिक अड्डा बनाउन एउटा द्वीप समूह उपलब्ध नगराएको कारण उसले षडयन्त्र गरेको आरोप लगाएका छन्। आरोप लगाउनेहरूले त पाकिस्तान, धार्मिक इस्लामिक समूह जमाते इस्लामी र विपक्षी नेता बिएनपीका अध्यक्ष एवं भूतपूर्व प्रधानमन्त्री बेगम खालिदा जियामाथि पनि आरोप लगाएका छन्। वर्तमान अवस्थामा शेख हसिना भूतपूर्व प्रधानमन्त्री भइसकेकी छन् र नोबेल शान्ति पुरस्कार विजेता अर्थशास्त्री मोहम्मद युनुसलाई सल्लाहकार परिषद्को अध्यक्ष बनाइएको छ। एक किसिमले उनी अन्तरिम सरकारको प्रधानमन्त्री रहेको मान्न सकिन्छ।

नेपालमा सत्ता परिवर्तनको खेल प्रत्येक छ/छ महीनामा भइरहन्छ। त्यस कारण अलोकप्रियताको दबाब कुनै एउटा सरकारमाथि रहँदैन। बङ्गलादेशमा यो परिवर्तन विद्यार्थीको विरोधका कारण सम्भव भएको हो तर नेपालका विद्यार्थीलाई राजनीतिमा वर्गीय हितभन्दा दलीय हितको चिन्ता बढी हुन्छ। यहाँका विद्यार्थीहरू पनि दलका कार्यकर्ता भएका छन्। त्यस कारण पनि कडा र सङ्गठित विरोधको सम्भावना यहाँ उत्पन्न नै भइरहेको छैन। नेपाली जनताले प्रत्येक छ/छ महीनामा देशका प्राय: सबैजसो राजनीतिक दलहरूको उपस्थिति अथवा नेतृत्व सरकारमा हेर्दै आएको छ तसर्थ सर्वथा अथवा नयाँ विकल्प देशमा उपलब्ध नै रहेको हुँदैन। नेपाली जनता यथास्थितिको पक्षधर रहिआएको छ। जे छ, जस्तो छ, त्यो नै राम्रो छ भन्ठानेर सरकारको स्वागत गर्दै आएको छ। समर्थन गर्दै आएको छ। एशियामैं सर्वाधिक कर नेपाली जनतामाथि लादिएको छ तर खुशी खुशी स्वीकार गरेकै छ। राजनीतिज्ञहरूको भ्रष्टाचारलाई पनि यहाँको जनताले स्वाभाविक र आफ्नो नियति नै ठानेको छ।

बङ्गलादेश विश्वको ३४औं ठूलो अर्थतन्त्र भएको देश हो। गरीबीको रेखामुनि रहेको जनसङ्ख्या १० प्रतिशतमा झरेको छ। आधारभूत विकासका भौतिक पूर्वाधार निर्माणको काम सकेर बङ्गलादेशले विश्वलाई नै चकित पार्ने नौ किलोमिटर लामो पद्मा नदीमा पुल बनाइसकेको छ। तीन किलोमिटर लामो समुद्रमुनिको कर्णफुली सुरुङमार्ग बनाइसकेको छ। ढाकामा मेट्रो रेल निर्माण गरिसकेको छ। आणविक केन्द्र निर्माण गरी ऊर्जामा आत्मनिर्भर बन्न बङ्गलादेश सफल भइसकेको छ। शेख हसिना अझ एक दशक पदमा रहेकी भए बङ्गलादेशलाई विकास मार्गमा अझ उचाइसम्म पुऱ्याउने थिइन् तर प्रधानमन्त्री शेख हसिनाले आफ्नो पिताजस्तै नियति बेहोर्नुपऱ्यो। सम्भवत: उनी पलायन गरी निर्वासनमा नगएको भए उनको ज्यानमाथि खतरा पनि हुन सक्थ्यो। त्यसैले बङ्गलादेशमा अहिलेको घटना उपलब्धि हो कि अभिशाप भन्ने प्रश्न उब्जिएको छ।

बङ्गलादेशमा भएको सरकारविरोधी आन्दोलन क्रान्ति होइन, प्रतिक्रान्ति हो। आर्थिक प्रगति र समृद्धिको दिशामा बढिरहेको देशलाई उल्टो दिशामा लग्नु प्रतिक्रान्ति हो। एउटा कुशल शासकलाई अपदस्थ गरेर अनुभवहीन व्यक्तिलाई सत्तामा पुऱ्याउनु दूरदर्शिता होइन। बङ्गलादेशको आन्दोलनलाई केवल विद्यार्थीहरूको आन्दोलन मात्रै भन्न सकिंदैन। यसमा व्यापकरूपमा घुसपैठ पनि भएको थियो। विद्यार्थीहरूको आन्दोलनमा अल्पसङ्ख्यक हिन्दूविरोधी नारा लगाइएको थियो। आन्दोलन सफल भएपछि हिन्दूहरूमाथिको उत्पीडन, आतङ्क र आगलागीका घटना झन् तीव्ररूपमा भए। मन्दिरमा तोडफोडका घटना पनि व्यापकरूपमा भए। सल्लाहकार परिषद्का अध्यक्ष महम्मद युनुसले अल्पसङ्ख्यकमाथिको आक्रमण नरोकिए आफू पदबाट राजीनामा दिने धम्की दिनु, तोडफोड गरिएका मन्दिरहरूको पुनर्निर्माणको वाचा गर्नु, अन्तरिम सरकारका गृहमन्त्रीले अल्पसङ्ख्यक हिन्दू र बौद्धसित घटनामा भएका गलतीका लागि सरकारको तर्फबाट क्षमायाचना गर्नुको अर्थ नै बङ्गलादेशमा अल्पसङ्ख्यकहरूमाथि व्यापक मात्रामा हिंसा, तोडफोड र उत्पातका घटना भएको प्रमाणित हुन्छ। रूसी आक्रमणमा युक्रेनी मारिंदा तथा इजरायली आक्रमणमा हमासका आतङ्ककारी मारिंदा शोक व्यक्त गर्ने नेपालका वाम राजनीतिज्ञ, बुद्धिजीवी र विश्लेषकहरूले बङ्गलादेशका हिन्दू र बौद्धमाथि भएका घटनाको विरोधमा एक शब्द पनि खर्च गरेनन्।

# मधेस समृद्धिको आयाम: कृषि चेतनाको जागरण

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**व्यावसायिक कृषि प्रवर्द्धन भन्दै दिइने अनुदान र सहुलियत ऋण कृषिका बिचौलिया दलाल व्यापारी र झोले किसान पोस्ने षड्यन्त्र हो। विगतमा सञ्चालन भएका अनुदानमा आधारित परियोजनामा देखिएको अनियमितताले यसलाई पुष्टि गरेको छ।**

कुनै पनि राज्य वा प्रदेशमा विकास तथा समृद्धि ल्याउन सबैभन्दा पहिले त्यहाँको स्थानीय स्रोत/साधन, जनशक्ति, ज्ञान तथा प्रविधिको पहिचान गरी त्यसको अधिकतम वा दिगो सदुपयोग गर्नुपर्छ। विकास तथा समृद्धि भनेको नै कुनै एक क्षेत्रको मात्र उन्नति–प्रगति नभई, यो एउटा बहुआयामिक प्रक्रिया हो, जसले आर्थिक तथा सामाजिक क्षेत्रका समग्र पक्षलाई समेटेको हुन्छ। विकासले जीवनयापनका प्राथमिक आवश्यकता, जस्तै गास, आवास, कपास, शिक्षा, स्वास्थ्य, सुरक्षा, रोजगार तथा सहजता आदिमा समान वितरणको सिद्धान्तलाई आत्मसात् गरेको हुन्छ। त्यस्तै विकास तथा समृद्धिका क्रममा आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरण तथा पर्यावरणमा कुनै हानि/नोक्सानी नपुऱ्याई विकास प्रक्रियालाई निरन्तरता दिइराख्नु नै दिगो विकास हो।

संसारको सबभन्दा पुरानो पेशा मानिँदै आएको कृषि विगतदेखि हालसम्म जीवनयापनका साथै विकास तथा समृद्धिको प्राथमिक पक्ष रहँदै आएको छ। विगतमा कृषि उत्पादन जीवन निर्वाहका लागि गरिने भए पनि १९ औं र २० औं शताब्दीमा विश्वमा आएका राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक बदलावका कारण कृषि उत्पादनको स्वरूपमा पनि व्यापक परिवर्तन भई अझ परिष्कृत भएको छ। त्यसैले समृद्धि उन्मुख तथा परिवर्तनको सङ्क्रमणकालीन अवस्थामा रहेको र अर्थतन्त्रका अन्य बलिया पूर्वाधार नभएको अवस्थामा नेपालको र त्यसमा पनि मधेस प्रदेशको दिगो विकास तथा समृद्धिका लागि कृषि क्रान्ति अपरिहार्य छ।

कुनै पनि प्रदेश समृद्ध हुनलाई शिक्षा, स्वास्थ्य, विकासका पूर्वाधार, नागरिकको जीवनस्तर, लोकतन्त्र, आर्थिक, सामाजिक, राजनैतिक पक्ष सबल हुनुपर्छ। भौगोलिक दृष्टिकोणले सबभन्दा सानो तर जनघनत्वको हिसाबले सबैभन्दा धेरै रहेको मधेस प्रदेशको कुल क्षेत्रफल ९,६६१ वर्ग कि.मि. रहेको छ। करीब साढे ५४ लाख जनसङ्ख्या भएको यो प्रदेशको जनघनत्व ५५९ प्रतिवर्ग कि.मि. रहेको छ। तर विडम्बना यस प्रदेशका लगभग साढे दुई लाख ऊर्जाशील युवा विभिन्न देशमा आफ्नो श्रमपसिना बगाउन बाध्य छ। अहिले यो प्रदेशमा कृषि पेशाप्रति आम युवाको आकर्षण छैन। कृषिभन्दा गैरकृषि कार्य तथा वैदेशिक रोजगारतर्फ आकर्षण बढ्दै गएको छ। जुन दिगो विकासका लागि ठूलो बाधक हो। दिगो विकास हुनलाई आफ्नो स्रोत साधन प्रयोग गरी आफ्नो उत्पादन बढाउनुपर्छ। यसले परनिर्भरता हटाउँदै मौलिक स्वरोजगार सिर्जना हुन्छ। रेमिट्यान्सको आसमा देश, प्रदेश वा समाजको अर्थ व्यवस्था चल्दैन। समृद्धिका लागि प्रदेशको माटो सुहाउँदो रोजगार सिर्जना गर्नुपर्छ। यसका लागि ठूलो सम्भावना भएको क्षेत्र कृषि नै हो। तर समाजमा अहिले कृषि सबैभन्दा अपहेलित पेशा भएको छ। रातदिन खेतबारीमा काम गरेर हाम्रो खानाको बन्दोबस्त मिलाउने किसानको प्रकृतिसम्मत विवेक र चेतनाको जग भत्काउँदै शुरू गरिएको औद्योगिक कृषि विकासले अहिले अर्थतन्त्रमा ठूलो सङ्कट उत्पन्न भएको छ। आफ्नो परिवेशको यथार्थ आकलन नगरी हचुवाका भरमा अन्धाधुन्ध नक्कलले विगत सात दशकदेखि हाम्रो समाजको खाना, खेतीपातीमा वैदेशिक दृष्टिकोण थोपरिएको छ।

आयातित यस्ता आदर्शले हाम्रो परम्परागत कृषि चेतना जगैदेखि भत्किंदै गएको छ। भत्केको जगमा टेकेर अहिले कृषिमा आधुनिकीकरण, व्यवसायीकरण र यन्त्रीकरण गर्ने भ्रम बेचिंदै छ। अहिले घोषणा भएको कृषि लगानी दशक र दशकौंदेखि रासायनिक मलको नाममा माटोको विषयमा अनुदान औद्योगिक कृषि आधुनिकीकरणका सबल उदाहरण हुन्। व्यावसायिक कृषि प्रवर्द्धन भन्दै दिइने अनुदान र सहुलियत ऋण कृषिका बिचौलिया दलाल व्यापारी र झोले किसान पोस्ने षड्यन्त्र हो। विगतमा सञ्चालन भएका अनुदानमा आधारित परियोजनामा देखिएको अनियमितताले यसलाई पुष्टि गरेको छ।

पछिल्लो समय प्राप्त बढ्दो रेमिट्यान्सका कारण खानेकुरा बजारमुखी भएका छन्। खानाका लागि गरिने रैथाने खेती कर्म सबैतिरबाट तिरष्कृत हुन थालेको छ। सदीयौंदेखि कृषि कर्ममा रमाएका किसान मात्र होइन, कृषि प्रवर्द्धनमा सघाउन भन्दै सरकार, घरपरिवार र समाजको ठूलो लगानीमा कृषि शिक्षा लिएका हजारौं कृषि पेशाकर्मीसमेत तिरस्कारको जीवन बिताउन बाध्य भएका छन्। अरू केही गर्न नसक्नेले खेतीपाती गर्ने भनेजस्तै कृषि पढेका युवासमेत यो प्रदेशमा बसेर केही गर्न नसक्ने निष्कर्षमा पुगेका छन्। प्रदेशका अधिकांश युवा विकासको उन्मादी यात्रामा आफ्नो भविष्य खोज्दै विदेशिन थालेका छन् र यसको उपायको खोजीमैं भौतारिएका देखिन्छन्। यसका साथै नेपालबाट कृषि शिक्षामा स्नातक गरेका यस प्रदेशका ६० प्रतिशतभन्दा बढी विज्ञसमेत नफर्कनेगरी विदेशिएका छन्। अहिले नेपाल सरकार मात्रै होइन, प्रदेश र स्थानीय सरकारले समेत किसानीमा रमाउनुपर्ने युवापुस्तालाई आधुनिकताको सपना देखाउँदै खाडीको मरुभूमि र अन्य मुलुकमा बेचेको श्रमबाट आयात गरिएको अन्नपातबाट रमाउन थालेका छन्। हुर्कंदै गरेका छोराछोरी र नातिनातिना पुस्ताले त खाना र खेतीपातीका आधारभूत मर्मसमेत बिर्सेको अवस्था छ। कृत्रिम रसायन र विषादीविना खेती हुन्छ भन्ने कुरा अहिलेको युवा पुस्तालाई दन्त्यकथा जस्तै लागेको छ। फेरिएको प्रकृति, प्रवृत्ति र प्रविधिसँगै समग्र कृषि ज्ञानको पुनर्निर्माणले हाम्रो खानाको बन्दोबस्त हुँदैन। आफ्नो खानाको भरपर्दो बन्दोबस्त गर्न नसके र समुदायस्तरमैं कृषि जागरण नबढाएसम्म हाम्रो खेतीपातीको संस्कृति अरू कुनै उपायले अगाडि बढ्न सक्दैन। अर्को अर्थमा, कृषि शिक्षा र जागरणको सामुदायिक अभ्यास नगरी अहिलेको पुस्ताको जीर्ण भएको कृषि चेतना पुनर्जाग्रत हुँदैन।

कृषि चेतानाको पुनर्जागरणका लागि विद्यालय शिक्षामा वातावरण र कृषि शिक्षालाई अनिवार्य गर्न सक्नुपर्दछ। एक विद्यालय एक करेसाबारी, एक गाउँ/टोलमा एक नर्सरीको व्यवस्थापन गर्नुपर्दछ। यसले विद्यार्थी, शिक्षक र अभिभावक सबैलाई एकैचोटी कृषि कर्ममा लाग्ने चेतना जगाउँछ। स्थानीय विशेषतामा आधारित रैथाने कृषि व्यवस्था उन्नत बनाउन नसक्दा खानेकुराको बन्दोबस्तमा पराधीन हुन परेको तीतो यथार्थ छ। प्राकृतिक जैविक स्रोतको धनी यो प्रदेशमा स्थानीय माटोमा आधारित कृषिको बलियो जगविना कृषि उद्यमको विकास र कृषिको उद्योगीकरण कोरा

(बाँकी चौथो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन: ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## भूमिको अल्प उपयोगः एक गम्भीर आर्थिक समस्या

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**हामी धन भएर पनि गरीब छौं । सीप भएर पनि बेरोजगार छौं । बल भएर निर्बल छौं । यो स्थिति हामी आफैंले ल्याएको हो । हामीले देशमा उपलब्ध स्रोत र साधनको समुचित उपयोग गर्न सकिरहेका छैनौं । हामीसँग अपार स्रोत र साधन छन् तर तिनको उपयोग गर्न सकिरहेका छैनौं ।**

नेपालमा भूमिको अल्प उपयोग एक गम्भीर समस्याको रूपमा देखिएको छ। हामीले देशभित्र उपलब्ध रहेको भूमिको उपयोग बढी मात्रामा गर्न सकेका छैनौं। अर्कोतिर, कृषि क्षेत्र युवाहरूका लागि आकर्षक हुन सकिरहेको छैन। रोजगारको लागि युवाहरू खाडी देशहरूलगायत सात समुद्र पार जान तयार छन् । खाडीको तातो हावा र मरुभूमिमा काम गर्न तयार छन् । युक्रेनको सेना भएर रूससँग र रूसको सेना भएर युक्रेनसँग युद्ध गर्न तयार छन् तर स्वदेशमा रहेर कृषि कार्यमा संलग्न हुन तयार छैनन् । कृषि क्षेत्रले युवाहरूलाई पटक्कै आकर्षित गर्न सकिरहेको छैन । अहिले कृषि क्षेत्र उपेक्षित हुन पुगेको छ । नेपालको इतिहासमा यस्तो कहिले पनि भएको थिएन ।

भूमि उपयोगमा अहिले दुई किसिमका समस्या प्रमुखरूपमा देखिएका छन् । पहिलो, हामीले पहाडी र हिमाली क्षेत्रहरूलाई कृषिको लगि लाभदायक किसिमले उपयोग गर्न सकेका छैनौं । दोस्रो, कृषि क्षेत्र युवाहरूका लागि आकर्षक हुन सकेको छैन । यी दुई कारणले गर्दा उपलब्ध भूमिको उत्पादन क्षमताको पूर्ण उपयोग हुन सकिरहेको छैन । र यिनै कारणहरूले गर्दा नै रोजगारको क्षेत्र विस्तार हुन सकिरहेको छैन। ठूलो मात्रामा हामी अन्न, फलफूल, माछा, मासुजस्ता खाद्य पदार्थ भारतबाट आयात गर्न बाध्य भइरहेका छौं। विदेशबाट कमाएर ल्याएको विदेशी मुद्रा भारत पठाउन बाध्य भइरहेका छौं । यो अति नै दुःखदायी कुरा हो । नेपाली अर्थतन्त्रको लागि विषादको कुरा हो ।

दैनिक उपभोग्य वस्तुहरू हामी ठूलो परिमाणमा भारतबाट आयात गर्छौं। भारतबाट अनेक सामग्री आयात गर्दा भारतलाई ठूलो परिमाणमा विदेशी मुद्रा भुक्तान गर्छौं। यसरी, हामीले एकातिर देशमा उपलब्ध भूमिको सदुपयोग कृषि कार्यमा गर्न सकेका छैनौ भने अर्कोतिर कृषि क्षेत्रको सदुपयोग नगरेको कारणले गर्दा विदेशमा दुःख गरी कमाएर ल्याएको विदेशी मुद्रा ठूलो परिमाणमा भारतलाई भुक्तान गरिरहेका छौं ।

भूमि वितरणको हिसाबले हामी राम्रो स्थितिमा छौं। जस्तै, उदाहरणको लागि १,४८,४६० वर्ग किलोमिटर क्षेत्रफल रहेको बङ्गलादेशको जनसङ्ख्या १७ करोड ५० लाख रहेको छ जबकि १,४७, ५१६ वर्ग किलोमिटर क्षेत्रफल रहेको नेपालको जनसङ्ख्या केवल ३ करोड छ। नेपालको जनघनत्व प्रतिवर्ग किलोमिटरमा १८० रहेको छ भने बङ्गलादेशको जनघनत्व प्रतिवर्ग किलोमिटर १,१६५ छ। नेपाल, जनसङ्ख्याले थिचिएको देश होइन। भूमि वितरणको हिसाबले हेर्ने हो भने जनसङ्ख्याको तुलनामा नेपाल पर्याप्त भूमि भएको देश हो । प्रचुर मात्रामा कृषियोग्य भूमि भए तापनि हामीले यसको उपयोग गर्न सकेका छैनौं । रोजगारका लगि हामी विभिन्न देशका विषम भूमिहरूमा काम गर्छौं तर स्वदेशको भूमिको प्रयोग गर्दैनौं। यस्तो हुनुमा केवल सरकार मात्र दोषी छैन। हाम्रो सामाजिक मनोविज्ञान पनि दोषी छ । कृषिलाई तल्लो र सरकारी जागीरलाई माथिल्लो दर्जाको पेशा देख्ने हाम्रो सामाजिक मनोविज्ञान पनि दोषी छ ।

कृषिलाई मर्यादित पेशा नदेख्ने हाम्रो सामाजिक मनोविज्ञानमा हामीले परिर्वतन ल्याउन आवश्यक छ। हामीले हाम्रो यो सामाजिक मनोविज्ञानमा परिवर्तन ल्याउने हो, कृषिलाई अति मर्यादित पेशाको रूपमा स्थापित गर्ने हो भने रोजगारका लागि अनेकौं देश भौतारिनु नै पर्दैन । आफ्नै देशभित्र रोजगार पाएर स्वदेशमा नै आनन्दपूर्वक बस्न पाउँछौं। आफ्नो देश भित्र जति आनन्द र सुरक्षा पाउन सकिन्छ त्यति विदेशको बसाइमा पाउन सकिंदैन। यो भावना होइन, भोगिएको कुरा हो । सत्यापनको लागि प्रवासमा रहेका नेपालीहरूसँ सोधे हुन्छ ।

नेपालको सन्दर्भमा, भूमिको बढी उपयोगमा हामीले बढी जोड दिनुपर्ने अर्को पनि कारण छ। हामी अहिले उद्योग र व्यापारप्रति ज्यादै आश्रित हुन पुगेका छौं। उद्योग र व्यापारप्रतिको हाम्रो अति निर्भरता कम पार्न पनि हामीले भूमिको उपयोगमा जोड दिन आवश्यक छ। कृषि क्षेत्रलाई महत्त्व दिन आवश्यक छ। वर्तमान वैश्य युगको ठूलो दुर्गुण के रहेको छ भने अहिले हामी केवल एक चीज मात्र उत्पादन गर्छौं । त्यो हो श्रम । उपभोग भने हजारौं चीज गर्छौं। हजारौं चीज उपभोग गरे तापनि उपभोग गर्ने चीजहरूमध्ये कुनै एउटा पनि उत्पादन गर्दैनौं । भान्सामा प्रयोग हुने मसला (जीरा, धनिया, तोरी आदि) सम्म पनि उत्पादन गर्दैनौं । यी कुराहरू बारीमा सम्म पनि उत्पादन गर्न सकिन्छ, तर गर्दैनौं । केवल मात्र एक चीज- श्रम उत्पादन गर्ने र त्यो श्रम बिक्री गरेर हजारौ वस्तु खरीद गर्ने, अहिले हामी यही स्थितिमा छौं। अहिले हामी श्रमबाहेक केही उत्पादन गरिहेका छैनौं । यो कारणले गर्दा उद्योग र व्यापार क्षेत्रप्रतिको हाम्रो निर्भरता अभूतपूर्व किसिमले बढेको छ। दुःखदायी किसिमले बढेको छ ।

उद्योग र व्यापारप्रति हाम्रो निर्भरता अभूतपूर्व किसिमले बढेकोले हामी अहिले रोजगार नपाएमा बाँच्न नै नसक्ने स्थितिमा पुगेका छौं। भूमि हामी उपयोग गर्न मन पराउँदैनौं। स्वयं केही उत्पादन गर्न चाहँदैनौं । उद्योगपति एवं व्यापारीहरूले पनि यस स्थितिको फाइदा उठाउँदै, कम ज्याला वा तलब दिएर कामदारहरूको श्रम उपयोग गर्न पाएका छन् । बजारमा श्रमको आपूर्ति ठूलो मात्रामा छ। अर्थात् बजारमा श्रमिक वा कामदारहरूको कुनै कमी छैन । यही कारणले हो, थोरै मानिस धनी हुने अनि बहुसङ्ख्यक व्यक्ति गरीब हुने स्थिति सृजना भएको छ। यो समस्या अहिले, नेपालमा मात्र होइन, संसारभरि नै देखिएको छ।

उद्योग र व्यापारप्रतिको हाम्रो अति निर्भरताले गर्दा अहिले केवल केही व्यक्तिलाई धनी हुन, अति धनी हुन ज्यादै सजिलो भएको छ। उद्योग र व्यापार प्रति हामी अति निर्भर रहेको कारणले नै उद्योग र व्यापारको क्षेत्रमा बाध्य भएर हामीले काम गर्न जानुपरेको छ। कृषि क्षेत्रको हामीले समुचित विकास गरेको भए यस्तो स्थिति आउने थिएन। नेपालमा उपलब्ध भूमिलाई तीन किसिमबाट व्यवस्थित र प्रभावकारी किसिमले उपयोग गर्न सक्छौं । एकल खेती, सामूहिक खेती र भाडा-खेती गरी हामी तीन किसिमले उपलब्ध भूमिको प्रभावकारी उपयोग गर्न सक्छौं। कृषि क्षेत्रमा लाखौंलाई रोजगार दिन सक्छौं।

**एकल खेती :** कुनै एक व्यक्ति वा परिवारले आफूसँग उपलब्ध भूमिको अनेक किसिमका फलफूल, तरकारी, जटिबुटी आदि उत्पादन गर्न प्रयोग गर्न सक्छ । एकल स्वामित्व, लगानी, व्यवस्थापन एवं नियन्त्रणमा त्यस किसिमको कार्य गर्न सक्छ। यस्तो गर्न सरकार र समाजले व्यक्ति एवं परिवारहरूलाई प्रोत्साहित गर्नुपर्छ ।

**सामूहिक खेती :** खास किसिमको तरकारी, फलफूल वा अन्य उत्पादन गर्न ठूलो क्षेत्र आवश्यक वा अति उपयोगी हुने भएमा विभिन्न परिवार वा कृषकहरू मिलेर सामूहिक खेति गर्न सक्छन्। सामूहिक लगानी, स्वामित्व, व्यवस्थापन एवं नियन्त्रणमा पनि यस किसिमले सामूहिक खेती गर्न सकिन्छ। सामूहिक खेतीलाई सजिलो पार्न स्थानीय सरकारहरूले प्रभावकारी नियम एवं ऐन निर्माण गर्नुपर्छ।

**भाडा खेती :** आफूसँग रहेको भूमि अन्य व्यक्ति वा व्यापारिक संस्थाहरूलाई भाडामा दिएर पनि आफ्नो भूमिको प्रयोग गर्न सकिन्छ। ठूलो क्षेत्रफल उपयोग गरेर कुनै किसिमको कृषि-व्यापार गर्नका लागि भाडा-खेती निकै उपयोगी रहेको देखिएको छ । भाडा-खेतीलाई प्रोत्साहित गर्न सरकारले अनेक किसिमका योजनाहरू ल्याउनुपर्छ । अनेक किसिमका ऐन, कानूनको व्यवस्था गर्नुपर्छ।

नेपालमा रोजगारको क्षेत्र विस्तार गर्न हामीले कृषि क्षेत्रलाई महत्त्व दिनुको विकल्प छैन। देशमा उपलब्ध भूमिको उपयोग कसरी अत्यधिक लाभदायक किसिमले गर्न सकिन्छ भनेर नयाँनयाँ सोच, योजना, तरीकाहरूको विकास हामीले गर्न आवश्यक छ।

हामी धन भएर पनि गरीब छौं । सीप भएर पनि बेरोजगार छौं । बल भएर निर्बल छौं। यो स्थिति हामी आफैंले ल्याएको हो । हामीले देशमा उपलब्ध स्रोत र साधनको समुचित उपयोग गर्न सकिरहेका छैनौं । हामीसँग अपार स्रोत र साधन छन् तर तिनको उपयोग गर्न सकिरहेका छैनौं । हरेक कुरामा सरकारलाई दोषी देख्छौं । नेताहरूले देशलाई बर्बाद गरे भन्छौं ।

अक्षम, बेइमान, भ्रष्टाचारी नेता हामीले नै निर्वाचित गरेको हो। पटकपटक तिनै नेताहरूलाई सत्तामा हामीले नै पुऱ्याएको हो। हामी यस्तो गर्छौं तर दोष सरकारलाई दिन्छौं। यस्तो व्यवहारमा कहिले परिवर्तन ल्याउने ?



**कागज बनाउँदै उद्यमीः** ताप्लेजुङको सदरमुकाम फुङ्लिङ नगरपालिका-६ गुम्बाडाँडा क्षेत्रमा रहेको छिरिङ नेपाल हाते कागज उद्योगमा परम्परागत प्रविधिबाट कागज बनाउँदै उद्यमी । यहाँ उत्पादित नेपाली हाते कागज सरकारी कार्यालयमा प्रयोग हुनुका साथै विदेशमा समेत निर्यात हुँदै आएको छ। तस्बिरः दिलकुमार लिम्बू/रासस

## पेट्रोलियम पदार्थको मूल्य घट्यो

काठमाडौं, ३१ साउन/रासस

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ। बिहीवार बसेको निगम सञ्चालक समितिको बैठकले शुक्रवारदेखि लागू हुनेगरी पेट्रोलियम पदार्थको मूल्य घटाउने निर्णय गरेको हो। निगमले पेट्रोलको मूल्य प्रतिलिटर रु पाँच तथा डिजेल र मटीतेलको मूल्य प्रतिलिटर रु तीन घटाएको जनाएको छ।

निगमका अनुसार पहिलो वर्गमा पेट्रोलको मूल्य प्रतिलिटर रु १६७ रहेकामा रु १६२ कायम भएको छ। दोस्रो वर्गका लागि प्रतिलिटर रु १६९ रहेकामा रु १६४ र तेस्रो वर्गका लागि प्रतिलिटर रु १७० रहेकामा रु १६५ कायम गरिएको छ ।

साथै डिजेल र मटीतेलको मूल्य पहिलो वर्गका लागि रु १५५ रहेकामा रु १५२ कायम गरिएको छ। साथै दोस्रो वर्गका लागि रु १५७ रहेकामा रु १५४ र तेस्रो वर्गका लागि रु १५८ रहेकामा रु १५५ कायम गरिएको निगमले जनाएको छ ।

पहिलो वर्गमा चारआली, विराटनगर, जनकपुर, अमलेखगंज, भलवारी, नेपालगंज, धनगढी र वीरगंज छन् । साथै दोस्रो वर्गमा सुर्खेत र दाङ तथा तेस्रो वर्गमा पोखरा, काठमाडौं, दीपायललाई राखिएको छ ।

Samriddhi Finance
Partnership for Prosperity

समृद्धि फाइनान्स कम्पनी लिमिटेड

मुख्य कार्यालय, हेटौंडा, मकवानपुर

**कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना**

मितिः २०८१/०४/३२

यस समृद्धि फाइनान्स कम्पनी लिमिटेडका तपसिलमा उल्लिखित तपाईं ऋणीहरूले कर्जा उपभोग गर्दै आउनुभएकोमा उक्त कर्जाको यस वित्तीय संस्थालाई समयसमयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि भुक्तान गर्न आउन तपाईंलाई पटकपटक लिखित एवं मौखिकरूपमा सूचना गरी तरताकेता गर्दासमेत ऋण कर्जा चुक्ता भुक्तान गर्न चासो नदेखाइ बेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न आउन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सो अवधिभित्र वित्तीय संस्थामा उपस्थिति हुनु भई तपाईं ऋणीले बुझाउनुपर्ने सम्पूर्ण कर्जा रकम सोको ब्याज तथा दैदस्तुरसमेत चुक्ता गरी आफ्नो धितो सम्पत्ति फुकुवा गरिलिनुहुन सूचित गरिन्छ। अन्यथा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको कालोसूचीसम्बन्धी निर्देशन तथा संस्थाको कर्जा असुली तथा धितो गैह्रबैंकिङ सम्पत्ति बिक्रीसम्बन्धी कार्यविधिलगायत प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी, व्यक्तिगत जमानीकर्तासमेतलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखी अन्य कानूनी कारबाईसमेत अगाडि बढाइने कुरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै व्यक्तिगत जमानीकर्ता, धितोकर्ता तथा सरोकारवालाहरूले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला ।

तपसिल

| ऋणी तथा धितोको विवरण | कर्जा शीर्षक | व्यक्तिगत जमानी दिनेको विवरण |
|---|---|---|
| **नामः कोपिला काप्री**<br>बुबा/ससुराः खिला शर्मा भट्टराई/हिमप्रसाद काप्री<br>पतिः गिरीप्रसाद काप्री<br>स्थायी ठेगानाः खरी-१, धादिङ<br>हालको ठेगानाः कागेश्वरी मनोहरा-२, काठमाडौं<br>ना.प्र.नं. ३६/९४<br>जारी मिति : २०६२/०२/०२<br>जारी स्थान : धादिङ | महिला उद्यमशील कर्जा<br>पुतलीसडक | **नामः दण्डप्रसाद काप्री**<br>बुबाः हिमप्रसाद काप्री<br>बाजेः हरिप्रसाद काप्री<br>स्थायी ठेगानाः खरी-१, धादिङ<br>हालको ठेगानाः ललितपुर-१८, ललितपुर<br>ना.प्र.नं. ३८९६०<br>जारी मिति : २०५७/०६/१२<br>जारी स्थान : धादिङ<br><br>**नाम : गिरीप्रसाद काप्री**<br>बुबा : हिमप्रसाद काप्री<br>बाजे : हरिप्रसाद काप्री<br>स्थायी ठेगाना : ज्वालामुखी-५, धादिङ<br>हालको ठेगाना : कागेश्वरी मनोहरा-२, काठमाडौं<br>ना.प्र.नं. १९२०४, जारी मितिः २०५३/१२/२८<br>जारी स्थान : धादिङ |
| **नाम : चन्द्रकुमार थापा**<br>बाजे : मनवीर थापा भन्ने मानबहादुर थापा<br>बुबा : कृष्णबहादुर थापा<br>स्थायी ठेगाना : पिडिखोला-४, स्याङ्जा<br>हालको ठेगाना : कावासोती-८, नवलपुर<br>ना.प्र.नं. ५००९८<br>जारी मिति : २०५५/११/१६,<br>जारी जिल्ला : स्याङजा<br>धितोको विवरण : Foton (19-seater Van)<br>Engine no.: 76821239,<br>Chasis No. LVCB2NBA8MS011553 | हायर पर्चेज कर्जा<br>पुतलीसडक | **नाम : कृष्णबहादुर थापा**<br>बुबा : मनवीर थापा भन्ने मानबहादुर थापा<br>स्थायी ठेगाना : पिढिखोला-४, स्याङ्जा<br>हालको ठेगाना : कावास्वति- ०८, नवलपुर<br>ना.प्र.नं २५४७<br>जिल्ला : स्याङ्जा, जारी मिति : २०४५-०९-०८<br><br>**नाम : श्रीमती पुनी सारा थापा**<br>ससुरा : मनवीर थापा भन्ने मानबहादुर थापा<br>पति : कृष्णबहादुर थापा<br>स्थायी ठेगाना : पिढिखोला-४, स्याङ्जा<br>हालको ठेगाना : कावासोती-८, नवलपुर<br>ना.प्र.नं २३११<br>जिल्ला : स्याङ्जा, जारी मिति : २०४४-१२-१९ |


## शेयर कारोबारमा कीर्तिमान, झन्डै ३० अर्बको कारोबार

काठमाडौं, ३१ साउन/रासस

धितोपत्र बजारमा बिहीवार अर्को कीर्तिमान कायम भएको छ। कारोबार रकम हालसम्मकै उच्च बिन्दुमा पुगेको छ । आज झन्डै रु ३० अर्ब बराबरको कारोबार भएको छ ।

नेपाल स्टक एक्सचेन्जका अनुसार कारोबार मापक नेप्से परिसूचक ४३ दशमलव शून्य पाँच अङ्कले उकालो लागेर तीन हजार दशमलव ८१ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक १६ दशमलव शून्य एक अङ्कले उकालो लागेर ५३५ दशमलव ५१ मा पुगेको छ । कुल छ करोड ८९ लाख ८० हजार ३४६ कित्ता शेयर रु २९ अर्ब ९५ करोड ८५ लाख १९ हजार २१६ मूल्यमा कारोबार भयो ।

नेप्सेका अनुसार बुटवल पावर कम्पनी, राष्ट्रिय बीमा कम्पनी र मोदी इनर्जीको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। यस्तै, नेपाल इन्भेस्टमेन्ट मेघा बैंक नौ दशमलव ६४ र एनएमबी बैंकका लगानीकर्ताले नौ दशमलव ४२ प्रतिशतले कमाएका छन् ।

यस्तै, नेपाल फाइनान्स १०, विन्ध्यवासिनी हाइड्रोपावर सात दशमलव २२, शुभम् पावर सात दशमलव १०, मिड सोलु हाइड्रोपावर छ दशमलव २८ र अप्पर हेवाखोला हाइड्रोपावरका लगानीकर्ताले पाँच दशमलव ६८ प्रतिशतले गुमाएका छन् ।

Samriddhi Finance
Partnership for Prosperity

# समृद्धि फाइनान्स कम्पनी लिमिटेड

मुख्य कार्यालय, हेटौंडा, मकवानपुर

## कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना

मिति: २०८१/०४/३२

यस समृद्धि फाइनान्स कम्पनी लिमिटेडका तपसिलमा उल्लिखित तपाईं ऋणीहरूले कर्जा उपभोग गर्दै आउनुभएकोमा उक्त कर्जाको यस वित्तीय संस्थालाई समयसमयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि भुक्तान गर्न आउन तपाईंलाई पटकपटक लिखित एवं मौखिकरूपमा सूचना गरी तरताकेता गर्दासमेत ऋण कर्जा चुक्ता भुक्तान गर्न चासो नदेखाइ बेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न आउन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सो अवधिभित्र वित्तीय संस्थामा उपस्थिति हुनु भई तपाईं ऋणीले बुझाउनुपर्ने सम्पूर्ण कर्जा रकम सोको ब्याज तथा दैदस्तुरसमेत चुक्ता गरी आफ्नो धितो सम्पत्ति फुकुवा गरिलिनुहुन सूचित गरिन्छ। अन्यथा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको कालोसूचीसम्बन्धी निर्देशन तथा संस्थाको कर्जा असुली तथा धितो गैहबैंकिङ सम्पत्ति बिक्रीसम्बन्धी कार्यविधिलगायत प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी, व्यक्तिगत जमानीकर्तासमेतलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखी अन्य कानूनी कारबाईसमेत अगाडि बढाइने कुरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै व्यक्तिगत जमानीकर्ता, धितोकर्ता तथा सरोकारवालाहरूले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला।

**तपसील**

| ऋणी तथा धितोको विवरण | कर्जा शीर्षक | व्यक्तिगत जमानी दिनेको विवरण |
|---|---|---|
| **नाम : ओमप्रकाश यादव**<br>बुबा : रासिन्द्रप्रसाद यादव<br>बाजेः किसुन कोडगिया यादव<br>स्थायी ठेगाना : रौतहट-९, सप्तरी<br>हालको ठेगाना : ग्वार्को-३, इमाडोल, ललितपुर<br>नागरिकता नं. १६१११५/९३<br>जारी मिति : २०६६/०७/१० जिल्ला : सप्तरी | पेशागत कर्जा, पुतलीसडक | **नाम : सिकेन्द्र यादव**<br>बाजे : लालबिहारी गोइत<br>बुबा : शीतलप्रसाद गोइत<br>स्थायी ठेगाना : सखुवाननकारकट्टी-४, सिराहा<br>हालको ठेगाना : बल्खु-१४, काठमाडौं<br>ना.प्र.नं १५२०१३/२७९४<br>जिल्ला : सिराहा, जारी मिति : २०६७/०५/१० |
| **नाम : सावित्रा दर्जी**<br>ससुरा : फौदबहादुर दर्जी<br>पतिः हर्कबहादुर नेपाली<br>स्थायी ठेगाना : गुन्सी-७, रामेछाप<br>हालको ठेगाना : काठमाडौं मनपा-१८, काठमाडौं<br>नागरिकता नं. २१३०४६/१०४९<br>जारी मिति : २०६३/११/२१ जिल्ला : रामेछाप | सहुलियत कर्जा, पुतलीसडक | **नाम : हर्कबहादुर नेपाली**<br>बाजे : वीरबहादुर दर्जी<br>बुबा : फौदबहादुर दर्जी<br>स्थायी ठेगाना : सुनापती गापा-१, रामेछाप<br>हालको ठेगाना : काठमाडौं मनपा-१८, काठमाडौं<br>ना.प्र.नं २१-०१-७७-०४२८२, जिल्ला : रामेछाप, जारी मिति २०७७/११/२१<br><br>**नाम : सुजन नेपाली**<br>बाजे : फौदबहादुर दर्जी<br>बुबाः हर्कबहादुर नेपाली<br>स्थायी ठेगाना : सुनापती गापा-१, रामेछाप<br>हालको ठेगाना : काठमाडौं मनपा-१८, काठमाडौं<br>ना.प्र.नं २१-०१-७७-०४२८५, जिल्ला : रामेछाप, जारी मिति : २०७७/११/२१ |
| **ऋणीको नामः विष्णु लक्ष्मी फूड उद्योग**<br>दर्ता नं. र मितिः ८०१५/१२/०७७/०७८, २०७७-०४-११<br>स्थायी लेखा नं. : ६१३३९५९६६, दर्ता मितिः २०७७-०४-१२<br>रजिस्टर्ड ठेगाना : गल्छी गापा-८, गोगनपानी, धादिङ।<br>प्रोपाइटरः विष्णुबहादुर थापा।<br><br>**धितोको विवरण**<br>विष्णुबहादुर थापाको नाममा दर्ता श्रेस्ता कायम रहेको गोगनपानी-३, धादिङ, कि.नं. ५२२ र ५२३ को क्रमशः क्षे.फ. २-१०-०-० र २-१२-०-२ (रोपनी) | व्यावसायिक कर्जा, पुतलीसडक | **नाम : विष्णुबहादुर थापा**<br>बाजे : तिलकबहादुर थापा<br>बुबा : पूर्णबहादुर थापा<br>ना.प्र.नं ४/५१६, जारी मिति : २०४४/१०/१५, जिल्ला : धादिङ<br>स्थायी ठेगाना : गोगनपानी-३, धादिङ<br>हालको ठेगाना : गोगनपानी-३, धादिङ<br><br>**नाम : मनोज थापा**<br>बाजे : पूर्णबहादुर थापा<br>बुबा : विष्णुबहादुर थापा<br>ना.प्र.नं २६३०५०-७०/१०७, जारी मिति : २०७०/०२/२०, जिल्ला : धादिङ<br>स्थायी ठेगाना : गल्छी गापा-८, धादिङ<br>हालको ठेगाना : गोगनपानी-३, धादिङ<br><br>**नाम : लक्ष्मी थापा**<br>ससुरा : पूर्णबहादुर थापा<br>पति : विष्णुबहादुर थापा<br>ना.प्र.नं.: २६३०५०/८७३, जारी मिति : २०६३/११/१०, जिल्ला : धादिङ<br>स्थायी ठेगाना : गोगनपानी-३, धादिङ<br>हालको ठेगाना : गोगनपानी-३, धादिङ<br><br>**नाम : उषा खतिवडा थापा**<br>ससुरा : विष्णुबहादुर थापा<br>पति : मनोज थापा<br>ना.प्र.नं २६-०१-७६-०१२५३, जारी मिति : २०७६/०२/०२, जिल्ला : धादिङ<br>स्थायी ठेगाना : गल्छी गापा-८, धादिङ<br>हालको ठेगाना : गोगनपानी-३, धादिङ |
| **नाम : अनिल बुढा**<br>बुबा : वीरबहादुर बुढा<br>बाजे : लालबहादुर बुढा<br>स्थायी ठेगाना : रामशिखरङाला-२, कैलाली<br>हालको ठेगाना : घोडाघोडी-९, कैलाली<br>नागरिकता नं. ६७-०१-७१-०३७९८<br>जारी मिति : २०७१/०४/१२, जिल्ला : कैलाली<br><br>**धितोको विवरण**<br>सवारीसाधनको नामः<br>Foton View C2-BJ6489B1PDA-RD<br>Engine no: K037449<br>Chasis No. LVCB2NBA0N5021964 | हायर पर्चेज कर्जा, पुतलीसडक | **नाम : दुधाकुमारी भण्डारी**<br>ससुरा : लालबहादुर बुढा<br>पति : वीरबहादुर बुढा<br>ना.प्र.नं. ३/४१७/३३२, जिल्ला : कैलाली, जारी मिति : २०४६-०१-१५<br>स्थायी ठेगाना : साढेपानी-४, कैलाली<br>हालको ठेगाना : घोडाघोडी-९, कैलाली<br><br>**नाम : सरीता थापामगर**<br>ससुरा : वीरबहादुर बुढा<br>पति : रामबहादुर बुढा<br>स्थायी ठेगाना : घोडाघोडी-४, कैलाली, हालको ठेगाना : घोडाघोडी-९, कैलाली<br>ना.प्र.नं : ६७-०६-७५-०२२७८<br>जिल्ला : कैलाली, जारी मिति : २०७५-०५-०५<br><br>**नाम : रामबहादुर बुढा**<br>बुबा : वीरबहादुर बुढा<br>बाजे : लालबहादुर बुढा<br>स्थायी ठेगाना : रामशिखरझाला-२, कैलाली<br>हालको ठेगाना : घोडाघोडी-९, कैलाली<br>नागरिकता नं ६७-०१-७१-१२८९१, जारी मिति : २०७१/१२/१६, जिल्ला : कैलाली<br><br>**नाम : पिङ्कला पौडेल**<br>ससुरा : वीरबहादुर बुढा<br>पति : अनिल बुढा<br>स्थायी ठेगाना : घोडाघोडी-१०, कैलाली, हालको ठेगाना : घोडाघोडी-९, कैलाली<br>नागरिकता नं. ६७-०६-७४-००२९२, जारी मिति : २०७४-०१-२४, जिल्ला : कैलाली<br><br>**नाम : वीरबहादुर बुढा**<br>बाजे : नाथ बुढा<br>बुबा : लालबहादुर बुढा<br>स्थायी ठेगाना : रामशिखरझाला-२, कैलाली, हालको ठेगाना : घोडाघोडी-९, कैलाली<br>नागरिकता नं. १४३३, जारी मिति : २०४४ साल, जिल्ला : कैलाली |



**कुसुमको व्यापारः** सर्लाहीको हरिवन नगरपालिका-११ स्थित बजारमा जङ्गली कन्दमूल कुसुम बेच्न उपभोक्ताको प्रतीक्षामा बसेकी स्थानीय युवती। पछिल्लो समय चोरी तस्करीका कारण कुसुमका रूख मासिँदै गएपछि यो फल यहाँ विरलै पाइने गरेको छ। तस्बिरः सिंगबहादुर थापा/रासस

### मधेसमा ...

कल्पना मात्र हो भनेर बुझाउनु पर्दछ। स्थानीय विशेषतामा उपलब्ध स्रोत साधनमा आधारित हाम्रो परम्परागत एकीकृत खेती प्रणालीलाई उन्नत बनाउने एकमात्र बाटो हो। यसका लागि प्रकृतिसम्मत कृषि प्रणालीका मूलभूत (पर्यावरणीय सन्तुलन, सहअस्तित्वको सम्मान, प्राकृतिक पोषणचक्रको उपयोग, जनस्वास्थ्यप्रतिको सजगता, सहकार्य, समतामूलक र दिगो समृद्धि) मार्गदर्शक सिद्धान्त अवलम्बनका आधारमा स्थानीय साधन, स्रोत र प्रविधिको अधिकतम प्रयोग गर्न जरुरी छ। यसका लागि कृषि क्षेत्रलाई जैविक ढाँचामा रूपान्तरण गर्न आवश्यक नीतिगत र संस्थागत व्यवस्था एवं कार्ययोजना बनाउनतर्फ प्रदेश सरकारको प्रमुख कार्यभार हुनुपर्दछ। अनि मात्र मधेस प्रदेश आर्थिकरूपले सबल, सामाजिक न्याय, समानतामा आधारित दिगो पर्यावरणका सिद्धान्त अनुरूप कृषि क्षेत्रलाई उत्पादनशील र प्रतिस्पर्धी बनाउन सकिन्छ।

वास्तवमा समृद्धिका धेरै आधारहरू भए पनि मधेस प्रदेशका लागि एक मात्र आधार कृषि मात्र हो। समृद्धि ल्याउन कृषिलाई विकासका अवयवहरूसँग जोड्दै केही ठोस र कृषिमैत्री दीर्घकालीन योजनाहरू बनाउनुपर्छ। जसले यहाँका युवाहरू आफ्नै प्रदेशको भूमिमा स्वरोजगारी हुनेछन्। प्रदेशको उर्वर भूमिलाई पूर्णसिञ्चित बनाउन सकियो भने कुनै पनि युवालाई खाडी मुलुकमा पसिना बगाउनुपर्ने बाध्यता रहँदैन र प्रदेश समृद्धिको बाटोमा लम्किन सक्छ। हाम्रो समाजको परिवेश हेर्दा कृषि गर्न चाहनेसँग जग्गा छैन। जग्गा हुनेलाई कृषि गर्नुछैन। प्रायःजसो कृषिमा लागेकालाई उपलब्धि प्राप्त हुन सकेको छैन। त्यसैले समृद्धिका लागि प्रदेश सरकारको पहिलो दायित्व जग्गा हो, तर खेती गर्न नचाहनेहरूको जग्गा भाडामा लिएर सरकारले ती जग्गालाई पकेट क्षेत्रको रूपमा चक्लाबन्दी गर्नुपर्छ। एक क्षेत्र एक बालीको अवधारणामा कृषि योजना अगाडि बढाउन सकिन्छ। सबै ठाउँमा सिंचाइको पूर्ण व्यवस्था गर्नुपर्छ। व्यावसायिकरूपमा माटो सुहाउँदो बाली लगाउनुपर्छ।

अन्त्यमा कृषि क्षेत्रसँग सम्बन्धित समग्र पक्षको द्रुततर विकास तथा समृद्धि नै कृषि क्रान्ति हो। कृषि क्रान्तिका विभिन्न प्रकारहरू छन् : हरित क्रान्ति (खाद्यान्न, तरकारी तथा फलफूल उत्पादन), श्वेत क्रान्ति (दुग्ध उत्पादन), लाल क्रान्ति (मासु उत्पादन), सुनौलो क्रान्ति (फलफूल र मह उत्पादन), रजत क्रान्ति (अन्डा र कुखुरा उत्पादन), नीलो क्रान्ति (माछा उत्पादन), पहेंलो क्रान्ति (तेलहन उत्पादन) आदि। कृषि क्रान्ति अन्तर्गतका यी आयामहरूलाई सफल पार्न सक्यौं भने मधेस प्रदेशको विकास र समृद्धि हुनेमा कुनै शङ्का छैन। तर यसका लागि उच्च राजनीतिक प्रतिबद्धता र प्रदेश सरकारको अर्जुनदृष्टि आवश्यक छ।

## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा
१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की-१०
३. डा. आनन्दकुमार झा ०५१-५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. श्यामसुन्दर दास
५. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज-४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरज कुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. प्रशान्त कुमार साह (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. स्वेता गुप्ता, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

## अन्तर्राष्ट्रिय समाचार

# म्यान्माकी प्रजातन्त्रवादी नेत्री सुकीको घर किन्न कुनै आवेदन नपरेपछि पुनः बोलपत्र आह्वान

याङ्गुन, ३१ साउन/एएफपी

जेलजीवन बिताइरहेकी म्यान्माकी प्रजातन्त्रवादी नेत्री आङ सान सुकीलाई वर्षौंसम्म नजरबन्दमा राखेको


तस्वीरः फाइल

लेकसाइडस्थित घर बिहीवार दोस्रोपटक लिलामीका लागि राखिएको छ।

सन् २०२१ को सैन्य 'कू' पछि हिरासतमा लिइएकी नोबेल पुरस्कार विजेता र उनका भाइबीच दशकौं लामो विवादपछि दुई तले घर र १.९ एकड जमीन बिक्रीका लागि राखिएको थियो।

लिलामीका लागि न्यूनतम ३०० अर्ब क्याट (१४ करोड अमेरिकी डलर) तोकिएको थियो।

जमीन किनबेच गर्ने एक स्थानीय दलालले मार्चमा एएफपीलाई बताए अनुसार याङ्गुन आसपासका क्षेत्रमा पनि यो जमीन र यस्तै आकारका घरको मूल्य १० देखि २० लाख अमेरिकी डलरमा पाइन्छ।

लिलामी अघि म्यान्माका लागि अमेरिकी दूतावासनजीकै युनिभर्सिटी एभिन्यूमा रहेको औपनिवेशिककालको घरबाहिर पत्रकारको सानो भीड जम्मा भएको थियो।

गेटमाथि सुकीका पिता, स्वतन्त्रताका नायक आङ सानको चित्र राखिएको छ भने घरलाई सशस्त्र प्रहरीले पहरा दिइरहेको छ।

स्थानीय अदालतले ढोकामा टाँसेको सूचनामा घर, घरभित्र रहेको सम्पत्ति र जग्गा सुकीकी आमा 'दाउ खिन की'को नाममा रहेको उल्लेख छ।

सन् १९८८ मा तत्कालीन जुन्ताविरुद्ध भएको विशाल प्रदर्शनका क्रममा सुकीलाई गोली हानेपछि सेनाले करीब १५ वर्षसम्म घरको भत्किएको पर्खालभित्र थुनेर राखेको थियो।

इङ्गल्यान्डमा आफ्ना पति र छोराछोरीबाट अलग्गिएकी सुकीले प्रजातन्त्रवादी नेताको रूपमा आफ्नो हैसियत बढ्दै जाँदा घरमा पियानो बजाउँदै, जासूसी उपन्यासहरू पढ्दै र ध्यान गर्दै उक्त घरमा समय बिताएकी थिइन्।

प्रजातन्त्र र अहिंसाको माध्यमबाट सैन्य शासनविरुद्ध लड्ने उनको भाषण सुन्न सयौं मानिस नियमित घरबाहिरको फूटपाथमा भेला हुने गर्थे।

सन् २०१० मा रिहा भएपछि पनि उनी त्यही घरमा बसी विदेशी नेता, पत्रकार र कूटनीतिज्ञहरूसँग भेटवार्ता गर्थिन्।

सन् २०१२ मा तत्कालीन अमेरिकी राष्ट्रपति बाराक ओबामाले सुकीको घरको अवलोकन गरेका थिए। ओबामाले सुकीलाई 'लोकतन्त्रको प्रतीक'को संज्ञा दिएका थिए।

सुकीले सन् २०१२ मा याङ्गुन छोडेकी थिइन् र सेनासँग सत्ता साझेदारी गर्दै राजधानी न्यापित गएकी थिइन्।

सन् २०२१ को फेब्रुअरी १ मा सेनाले पुनः सत्ता कब्जा गरेपछि उनलाई हिरासतमा लिइएको थियो र १० वर्ष लामो प्रजातन्त्रको प्रयोग अन्त्य भएको थियो। उनको गिरफ्तारीले दक्षिणपूर्वी एशियाली राष्ट्र म्यान्मामा रक्तपातपूर्ण उथलपुथल निम्त्याएको छ भने उनको निर्वाचित सरकारको सट्टा सेनाप्रति वफादार (जुन्ता सरकार)ले सत्ता चलाइरहेको छ। रासस

# युद्धविराम वार्तामा सहभागी हुन सुडानी सेनाप्रमुखमाथि दबाब

जेनेभा, ३१ साउन/एएफपी

संयुक्त राज्य अमेरिकाले सुडानको सेनालाई युद्ध अन्त्यका लागि वार्तामा सामेल हुन आग्रह गरेको छ। स्वीट्जरल्यान्डमा शुरू भएको वार्तामा सुडानमा द्वन्द्वरत अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्सेज (आरएसएफ) समूह सहभागी भएको छ।

सन् २०२३ को अप्रिलदेखि सुडानी शासक अब्देल फतह अल बुरहानको नेतृत्वमा रहेको सेना र उनका पूर्वसहयोगी महमद हमदान डग्लोको नेतृत्वमा रहेको आरएसएफबीच युद्ध चलिरहेको छ।

बुरहान वार्ताको सुरुआतमा उपस्थित नभएपछि अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले सीधैं टेलिफोनमार्फत बुरहानलाई वार्तामा सहभागी हुन आग्रह गरेका थिए।

अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता वेदान्त पटेलका अनुसार ब्लिन्केनले बुरहानसँग भएको कुराकानीमा सहभागिताको आवश्यकता दोहोर्‍याएका थिए।

ब्लिन्केनले दुवै पक्षले युद्ध अन्त्य गर्न र पीडित लाखौं सुडानीका लागि मानवीय पहुँच प्रत्याभूत गर्न 'तत्काल आवश्यकता' रहेको बताएको अमेरिकी प्रवक्ता पटेलले बताए।

सुडानका लागि अमेरिकी विशेषदूत टम पेरिएलोले उद्घाटन सत्रपछि भने– "अब बन्दूक बन्द गर्ने उपयुक्त समय आएको छ।" १० दिनसम्म चल्ने उक्त वार्ता स्वीट्जरल्यान्डको अज्ञात स्थानमा बन्द कोठामा भइरहेको छ।

आरएसएफको प्रतिनिधिमण्डलले वार्तामा भाग लिइरहेका बेला सुडानी सशस्त्र बल (एसएएफ) वाशिङ्टनले व्यवस्था गरेको युद्धविरामको ढाँचाप्रति असन्तुष्ट छ।

सुडानी सञ्चारमन्त्री ग्राहम अब्देलकादरले वार्ता अघि वाशिङ्टनले संयुक्त अरब इमिरेट्स (युएई)लाई पर्यवेक्षकका रूपमा सहभागी गराउन जोड दिएपछि सरकारले कुनै पनि नयाँ पर्यवेक्षक वा सहभागीलाई अस्वीकार गर्ने बताएका थिए।

सुडानी सेनाले संयुक्त अरब इमिरेट्स (युएई)ले आरएसएफलाई समर्थन गरेको आरोप लगाउँदै आएको छ।

## आजको राशिफल

| | |
|---|---|
| मेष – ईश्वरभक्ति | वृष – रोगभय |
| मिथुन – व्यापारलाभ | कर्कट – शत्रुपराजय |
| सिंह – ज्ञानोदय | कन्या – भयचिन्ता |
| तुला – राज्यलाभ | वृश्चिक – अतिथिआगमन |
| धनु – अन्नलाभ | मकर – खर्चवृद्धि |
| कुम्भ – धनलाभ | मीन – सफलता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# विश्व बैंकले बजेटरी सहायता वृद्धि गर्ने

काठमाडौं, ३१ साउन/रासस

विश्व बैंकले नेपाललाई प्रदान गर्ने बजेटरी सहायता वृद्धि गर्ने भएको छ।

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलसँग शुक्रवार भएको भर्चुअल बैठकमा विश्व बैंकका दक्षिण एशिया क्षेत्रका लागि उपाध्यक्ष मार्टिन रेजरले बजेटरी सहायता वृद्धि गर्ने जानकारी दिएका छन्।

उपाध्यक्ष रेजरले लगानीको वातावरण, आर्थिक सुधार, रोजगार वृद्धिलगायतका क्षेत्रमा सुधारका लागि सुझाव दिएका छन्। विश्व बैंकबाट गत आर्थिक वर्ष बजेटरी सहायताका रूपमा नेपाललाई २०५ मिलियन अमेरिकी डलर प्राप्त भएको थियो।

अर्थमन्त्री पौडेलले नेपालमा स्थिर सरकार गठन भएकोले थप लगानीका लागि वातावरण तयार भएको उल्लेख गर्दै आयोजनाहरू समयमा सम्पन्न गर्न आवश्यक सहकार्य गर्दै अघि बढ्ने बताएका थिए।


Samriddhi Finance
Partnership for Prosperity

## समृद्धि फाइनान्स कम्पनी लिमिटेड

मुख्य कार्यालय, हेटौंडा, मकवानपुर

### धितोमा रहेको चल-अचल सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य सिलबन्दी बोलपत्र आह्वान गरिएको ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मितिः २०८१/०४/३० (पुनः प्रकाशित)

यस वित्तीय संस्थाबाट तपसिल बमोजिमको धितो राखी कर्जा लिने तपसिल बमोजिमका ऋणीले यस वित्तीय संस्थालाई समयसमयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याजलगायतका वित्तीय संस्थाको लेना रकम नबुझाइ कर्जासम्बन्धी शर्त बन्देजहरू उल्लङ्घन गर्नुभएको र पटकपटक मौखिक, लिखित, फोन तथा एसएमएसमार्फत तरताकेता गर्दासमेत कर्जाको साँवा, ब्याजलगायतका रकम चुक्ता भुक्तानी नगर्नुभएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिका करोबार दैनिकमा मिति २०८१/०२/२४ गते कर्जा चुक्ता गर्न आउनेबारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिए तापनि कर्जा चुक्ता नभएकोले उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेको तपसिलमा उल्लिखित चल–अचल सम्पत्ति लिलामीको लागि यो सूचना प्रकाशित गरिएको छ। अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लिखित सम्पत्तिहरू जे जस्तो अवस्थामा छन्, सोही अवस्थामा निज ऋणीले यस वित्तीय संस्थालाई लेखिएको लिखत, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३ को दफा ५७, नेपाल राष्ट्र बैंकको कालोसूचीसम्बन्धी निर्देशन तथा संस्थाको कर्जा असुली तथा गैह्रबैंकिङ सम्पत्ति बिक्रीसम्बन्धी कार्यविधि बमोजिम लिलाम बिक्री गरी निज ऋणीबाट धनी वित्तीय संस्थाले असुल गर्न बाँकी रहेको लेना रकम असुल उपर गरिने तथा सम्बन्धित ऋणी, व्यक्तिगत जमानीकर्तासमेतलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखी अन्य कानूनी कारबाईसमेत अगाडि बढाइने कुरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै व्यक्तिगत जमानीकर्ता, धितोकर्ता तथा सरोकारवालाहरूले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला। उक्त धितो सुरक्षणमा रहेको चल–अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरूबाट यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरूको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र पेश गर्न हुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरू यस वित्तीय संस्थामा ३६औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३ (तीन) बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी, धितोधनी तथा जमानीकर्तालाई उपस्थित हुनसमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित प्रतिनिधि, सम्बन्धित ऋणीहरू तथा व्यक्तिगत जमानीकर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्नेछैन। लिलामी कारबाई प्रक्रिया यस वित्तीय संस्थाको कर्जा नीति अनुसार अगाडि बढाइनेछ। साथै सिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धित ऋणीहरू तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा तथा अन्य दैदस्तुर कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ।

तपसिल

| ऋणी तथा धितोको विवरण | कर्जा शीर्षक | व्यक्तिगत जमानी दिनेको विवरण |
|---|---|---|
| **नाम : बिनादेवी लिम्बु**<br>पति : उमेशकुमार लिम्बु<br>ससुरा : धनबहादुर लिम्बु<br>स्थायी ठेगाना : इलाम जिल्ला इलाम न.पा. वडा नं. ९<br>हालको ठेगाना : इलाम जिल्ला इलाम न.पा. वडा नं. ६<br>ना.प्र.नं. ६४९५२/७८०, जिल्ला : इलाम, जारी मिति : २०५९/०२/२७<br>**धितोको विवरणः** Foton view CS2L Model BJ6609U2DDA-R4 (19 Seater Van), Engine no. 76821231, Chasis no. LVCB2NBA9MS011531<br>यस अघि सूचना प्रकाशित मिति : २०८०/११/२२ (आर्थिक दैनिक पत्रिका) | व्यावसायिक हायर पर्चेज कर्जा | **नाम : विनीता नेम्वाङ्ग**<br>बुबा : पूर्णबहादुर लिम्बु<br>पति : लछुमन लिम्बु<br>ससुरा : धनबहादुर लिम्बु<br>स्थायी ठेगाना : इलाम जिल्ला सिद्धिथुम्का गाविस वडा नं. ६<br>हालको ठेगाना : इलाम जिल्ला इलाम नपा वडा नं. ६<br>ना.प्र.नं.०३–२०–७०–००१७९, जिल्ला : इलाम, जारी मिति : २०७०/०२/१३<br><br>**नाम : लछुमन लिम्बु**<br>बाजे : नरबहादुर लिम्बु<br>बुबा : धनबहादुर लिम्बु<br>स्थायी ठेगाना : इलाम जिल्ला इलाम न.पा. वडा नं. ९<br>हालको ठेगाना : इलाम जिल्ला इलाम न.पा. वडा नं. ६<br>ना.प्र.नं.६६७२१, जि.प्र.का. इलाम, जारी मिति : २०५९/०९/०१ |
| **नाम : डि एन्ड आर एग्रिकल्चरल फार्म प्रा.लि.**<br>कम्पनी दर्ता नं. : १२१३७०/०७०/०७१<br>दर्ता मिति : २०७०/१२/२४<br>स्थायी लेखा नं. : ६०१८६३७४५<br>कम्पनीको ठेगाना : गोङ्बु–५, काठमाडौं।<br>संस्थागत जमानत : डि एन्ड आर एग्रिकल्चरल फार्म प्रा.लि.<br>धितोको विवरण : डि एन्ड आर एग्रिकल्चरल फार्म प्रा.लि.को नाममा दर्ता श्रेस्ता कायम भएको सिराहा जिल्ला फुल्काहकट्टी–९, सिट नं. ९क, कि.नं.१७८० को क्षे.फ.०–५–४.५–०.......................१<br>ऐ.ऐ.कि.नं.१७८७ को क्षे.फ.०–०–११–०.......................१<br>ऐ.ऐ.कि.नं.१७९२ को क्षे.फ.०–०–१–०.......................१<br>ऐ.ऐ.कि.नं.१७८६ क्षे.फ.०–५–८–०.......................१<br>ऐ.ऐ.कि.नं. १७८१ क्षे.फ. ०–५–८–०.......................१<br>ऐ.ऐ.कि.नं. १७९३ क्षे.फ. ० –०–८.५–०.......................१<br>ऐ.ऐ.कि.नं. १७८८ क्षे.फ.०–५–८.५–०.......................१<br>यस अघि सूचना प्रकाशित मिति : २०८१/०२/२२ (सौर्य दैनिक) | कृषि कर्जा | **नाम : ओमबहादुर बोहोरा**<br>बाजे : अमरबहादुर बोहोरा<br>बुबा : रामबहादुर बोहोरा<br>ना.प्र.नं. ०४१०३०।८९०<br>जारी जिल्ला/मितिः झापा, २०६६/०७/२४<br>स्थायी ठेगाना : घैलाडुवा–१ जिल्ला झापा।<br>हालको ठेगाना : टोखा–१०, काठमाडौं।<br><br>**नामः दीपक थापा**<br>बाजेः कविराज थापा<br>बुबाः गङ्गाबहादुर थापा<br>ना.प्र.नं.: ८२३१३७६२<br>जारी जिल्ला/मितिः २०४४/१२/२३, झापा<br>स्थायी ठेगानाः शनिश्चरे –४, जिल्ला झापा।<br>हालको ठेगानाः टोखा–१०, काठमाडौं।<br><br>**नाम : विमला घिमिरे**<br>बुबा : करवीर घिमिरे<br>पति : दीपक थापा<br>ससुरा : गङ्गाबहादुर थापा<br>ना.प्र.नं. : ९१५२९०४<br>स्थायी ठेगाना : घैलाडुब्बा–१, जिल्ला झापा।<br>हालको ठेगाना : टोखा–१०, काठमाडौं।<br>जारी जिल्ला/मिति : झापा, २०४५/०१/०८ |

**लिलाम बोलपत्रसम्बन्धी शर्तहरूः**

१. लिलाम बोलपत्र आवेदन फाराम यस संस्थाको शाखा कार्यालय पुतलीसडक र हेटौंडाबाट रु १,०००।०० (रु एक हजार मात्र) तिरी (पछि फिर्ता नहुनेगरी) प्राप्त गर्न सकिनेछ। फोटोकपी गरिएको फाराम मान्य हुनेछैन।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तीय संस्थाको निर्णय अन्तिम हुनेछ। सिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व वित्तीय संस्थाले लिन सक्नेछ।
३. गोप्य सिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले ३५औं दिन (सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन) वित्तीय संस्थाको केन्द्रीय कार्यालय/शाखा कार्यालय पुतलीसडक र हेटौंडामा कार्यालय समयभित्र प्राप्त भइसक्नुपर्नेछ। प्राप्त बोलपत्रहरू यस वित्तीय संस्थाको शाखा कार्यालय, पुतलीसडक र हेटौंडामा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट र सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन खोलिनेछ।
४. माथि उल्लिखित सम्पत्ति निरीक्षण गर्न चाहेमा वा कुनै कुरा बुझ्नुपरेमा लिलाम बोलपत्र पेश गर्नुअगावै समृद्धि फाइनान्सको शाखा कार्यालय, हेटौंडास्थित कर्जा असुली विभागमा सम्पर्क राखी निरीक्षण गर्न सकिनेछ।
५. अन्य शर्तहरू लिलाम बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् र ती शर्त बन्देजहरू यसै सूचनाको अभिन्न अङ्ग मानिनेछ।

**लिलाम बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१/०६/०१**
**लिलाम सिलबन्दी बोलपत्र खोलिने मिति : २०८१/०६/०२**
**बोलपत्र खोलिने स्थान : संस्थाको शाखा कार्यालय, पुतलीसडक।**
**सम्पर्क फोन नं.: ०५७-५२५१००, ०५७-५२३२२९, ०१५-३१८८३८, ०१५-३१२०९९**

# बारा प्रहरीद्वारा ६२ किलो गाँजा र अवैध सामान नियन्त्रण

प्रस, वीरगंज, ३१ साउन/

जिल्ला प्रहरी कार्यालय, बाराले भ्यानमा लोड गरिएको ६२ किलो गाँजा नियन्त्रणमा लिएको छ ।

बुधवार प्रहरी चौकी पथलैयाले जीतपुरसिमरा उपमहानगरपालिका–१ पथलैयाचोकमा सवारीसाधन चेकजाँच गर्ने क्रममा ना.१ज ८४५८ नम्बर भ्यान सो स्थानबाट भागेको थियो । प्रहरीलाई शङ्का लागेपछि खोजतलाश गर्दा हुलास कारखानानजीकै भ्यान भेटिएको थियो । प्रहरीले उक्त भ्यानबाट ६२ किलो गाँजा बरामद गरेको छ भने फरार चालकको खोजी गरिरहेको जिप्रका, बाराले जनाएको छ ।



तस्वीरः सौजन्य

# आसमान नेपालद्वारा जीराभवानीमा बाख्रा/बङ्गुर तालीम

प्रस, पोखरिया, ३१ साउन/

क्याप्टिभेटिङ इन्टरनेशनल फाउन्डेशनको आर्थिक सहयोगमा आसमान नेपालद्वारा सञ्चालित 'बालिकालाई पछाडि नपारौं' परियोजना अन्तर्गत पर्सा जिल्लाको जीराभवानी गाउँपालिकाका पाँचवटै वडामा बाख्रा तथा बङ्गुरपालन तालीम दिइँदैछ ।



तस्वीरः प्रतीक

आसमान नेपालले पर्सा जिल्लाका ठोरी र जीराभवानी गाउँपालिकामा बालिकालाई पछाडि नपारौं परियोजना सञ्चालन गर्दै आएको छ । विद्यालय नगएका १० देखि १८ वर्ष उमेर समूहका बालिकाहरूलाई लक्षित गरेर दुई वर्षदेखि परियोजना सञ्चालन गर्दै आएको पालिका संयोजक धर्मेन्द्र चौरसियाले बताए । यो अवधिमा दुई पालिकामा २७८ जना बालिकालाई नौ महीने अनौपचारिक शिक्षा प्रदान गरिएको थियो । सोही बालिकामध्ये १४३ जना विद्यालय भर्ना भएका र विद्यालय भर्ना नभएका १३५ जनाको आर्थिक उपार्जनको लागि बाख्रा तथा बङ्गुरपालन तालीम प्रदान गरिएको संयोजक चौरसियाले बताए ।

उनले पहिलो चरणमा जीराभवानी गापाको वडा नं १ गम्हरिया, २ सेढवा, ३ परसवा, ४ सुपौली र ५ सखुवनियाका बालिकाहरूलाई बाख्रा, बङ्गुरपालन तालीम दिन लागेको बताए । यी वडामध्ये चारवटा वडामा प्रशिक्षक शिवचन्द्र ठाकुरले बाख्रा, बङ्गुरपालन, खोर व्यवस्थापन, उनीहरूको जात र लाग्ने रोगबारेमा जानकारी गराएका थिए । जीराभवानीकै वडा नं २ सेढवामा भने साउन ३२ गतेदेखि भदौ २ गतेसम्म तीन दिने तालीम आयोजना हुने संयोजक चौरसियाले बताएका छन् ।

यस अघि गत वर्ष ठोरी गापाका ५५ बालिकामध्ये ११ जनालाई विद्यालय भर्ना गरिएको र ४४ जनालाई सिलाइकटाइ, पसल, बाख्रापालनलगायतको तालीम दिएर व्यवसाय सञ्चालन गराएको उनले बताए ।

# पचरौतामा धार्मिक सत्सङ्ग कार्यक्रम



तस्वीरः प्रतीक

प्रस, सिम्रौनगढ, ३१ साउन/

सनातन धर्म रक्षा मञ्चको ६६औं सत्सङ्ग बिहीवार बाराको पचरौता नगरपालिका–३ श्रीनगर बैरिया रामजानकी मन्दिरको प्राङ्गणमा सम्पन्न भएको छ ।

सत्सङ्गमा आत्मबोध, हत्या–हिंसारहित समाज निर्माण, नशामुक्ति, भेदभावरहित समाज निर्माणबारे प्रवचन दिइएको थियो ।

मञ्चका अध्यक्ष ओमप्रकाश ठाकुरको अध्यक्षतामा भएको कार्यक्रममा वैकुण्ठप्रसाद जयसवाल, ब्रह्माकुमारी राजयोगकी निर्मला दिदीलगायतले प्रवचन दिएका थिए ।

कार्यक्रममा हरिओम पण्डितले भजन र बिजुली रामले तबला बजाएका थिए । गोष्ठीमा महिला–पुरुष भक्तजन, साधुसन्तको सहभागिता थियो ।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

## भारतको ...

वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरीले आज लैनचौरस्थित दूतावास परिसरमा नीलो रङको फूल फुल्ने गुलमोहरको बिरुवा रोपेर वातावरण संरक्षण एवं संवर्द्धन अभियानमा ऐक्यबद्धता जनाए । दुई दिने नेपाल भ्रमणका क्रममा भारतीय विदेश सचिव विक्रम मिस्री पनि यही साउन २७ गते दूतावास परिसरमा नीलो फुल्ने गुलमोहरको बिरुवा रोपेर सो अभियानमा सरिक भएका थिए ।

वातावरण संरक्षण तथा वातावरणीय दिगोपन प्रवर्द्धन गर्न भारतीय 'डायस्पोरा'का सदस्य एवं भारत–नेपाल मैत्री सङ्घका पदाधिकारी तथा प्रतिनिधिहरूले दूतावास परिसरमा बिरुवाहरू रोपी अभियानमा ऐक्यबद्धता व्यक्त गरेका थिए ।

'एक पेड माँ के नाम' पहलसँगै नेपालस्थित भारतीय दूतावास, लैनचौरले आज विभिन्न जातका ७८ वटा बिरुवा दूतावास परिसरमा रोप्दै भारतको ७८औं स्वतन्त्रता दिवस मनाएको छ ।

## लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।

- लामखुट्टेको टोकाइबाट औंलो (मलेरिया), डेङ्गी, कालाजार, जापानिज इन्सेफ्लाइटिस जस्ता सङ्क्रामक रोग लाग्न सक्छ,
- लामखुट्टेको टोकाइबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं,
- घरवरिपरि पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरि सफासुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# खेलकूदको संसार

## साफ च्याम्पिनयशिप खेल्न माल्दिभ्स टोली नेपालमा

काठमाडौं, ३१ साउन/रासस

घरेलु मैदानमा आयोजना हुने दक्षिण एशियाली राष्ट्रहरूबीच हुने यू–२० साफ च्याम्पियनशिप फूटबल प्रतियोगितामा सहभागिता जनाउनका लागि बिहीवार माल्दिभ्सको टोली नेपाल आइपुगेको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा माल्दिभ्सको टोलीलाई अखिल नेपाल फूटबल सङ्घ (एन्फा)का पदाधिकारीहरूले स्वागत गरे । साफ च्याम्पियनशिप आगामी भदौ २ गतेदेखि सञ्चालन हुनेछ । विभिन्न छ राष्ट्र सहभागी उक्त प्रतियोगितामा नेपाल समूह 'ए'मा परेको छ ।

नेपालको समूहमा बङ्गलादेश र श्रीलङ्का छन् । त्यसैगरी, समूह 'बी'मा भारत, माल्दिभ्स र भुटान छन् । प्रतियोगिताको उद्घाटन खेलमा आयोजक नेपाल र श्रीलङ्काबीच प्रतिस्पर्धा हुनेछ । त्यसैगरी, भुटान, श्रीलङ्का र भारत यही साउन ३२ गते नेपाल आइपुग्नेछन् भने बङ्गलादेश भदौ १ गते नेपाल आइपुग्ने तय भएको आयोजक एन्फाले जनाएको छ ।

नेपाली टोलीमा जियारथ शेख, कृशल मोक्तान, विशाल केसी, सीमान्त थापा, अश्विन घोरासैनी, विक्रम तामाङ, आयुष तिम्सिना, अविनाश स्याङ्तान, जनप्रकाश बम, लक्षु थापा र मदन पौडेल छन् । त्यसैगरी, राम थापा, समिन घिमिरे, सरोज दर्लामी, निनसाङ लिम्बू, कुशल देउवा, नीरज कार्की, हरिशराज भट्ट, धर्मेन्द्र कुँवर, अनिल बमजन, समीर तामाङ, नीराजन धामी र रोहन खड्गी छन् ।

## साफ च्याम्पियनशिपः मैदानको टुङ्गो अझै लागेन

काठमाडौं, ३१ साउन/रासस

दक्षिण एशियाली राष्ट्रहरूबीच हुने यू–२० पुरुष साफ च्याम्पियनशिप फूटबल प्रतियोगिता यही भदौ २ गतेदेखि नेपालमा शुरू हुँदैछ । प्रतियोगिता शुरू हुन तीन दिन बाँकी रहँदा पनि खेल कुन मैदानमा हुने अझै टुङ्गो लागेको छैन ।

अखिल नेपाल फूटबल सङ्घ (एन्फा)का प्रवक्ता सुरेश शाहले खेल दशरथ रङ्गशाला वा सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा हुने हो भन्ने अझै टुङ्गो नलागेको बताए । उनले भने, "हामीले दशरथ रङ्गशालामा प्रतियोगिताका खेल गर्ने तयारी गरेका थियौं, तर शहीद स्मारक 'ए' डिजिभन लिग विजेता चर्च ब्वाइज युनाइटेड क्लब र भुटानी लिग च्याम्पियन पारो एफसीको खेलमा मैदान बिग्रिएकाले साफ च्याम्पियनशिपको खेल कुन मैदानमा गर्ने टुङ्गो लागेको छैन ।"

उक्त खेलमा बिग्रिएको खेलमैदानका कारण चर्को आलोचना भएको थियो । उनले आज एएफसीबाट दशरथ रङ्गशाला मैदानको निरीक्षण हुने र भोलिसम्म खेलमैदानको टुङ्गो लाग्ने बताए ।

प्रवक्ता शाहले प्रतियोगिताको उद्घाटन खेल दशरथ रङ्गशालामा हुन नसके वैकल्पिकरूपमा रहेको सातदोबाटोस्थित एन्फा कम्प्लेक्स मैदानमा हुन सक्ने बताए । प्रतियोगिताको उद्घाटन खेल भदौ २ गते नेपाल र श्रीलङ्काबीच हुनेछ । प्रतियोगिताको सेमिफाइनल र फाइनल भने दशरथ रङ्गशालामैं हुने उनको भनाइ छ ।

# स्वीस लगानीबारे मुख्यमन्त्री सिंह र नियोगका पदाधिकारीबीच छलफल

प्रस, जनकपुरधाम, ३१ साउन/

मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंह र स्वीस नियोगका डेपुटी चिफबीच योजना सञ्चालन तथा स्वीस लगानीबारे छलफल भएको छ । मुख्यमन्त्री सिंह र स्वीस नियोगका डेपुटी चिफलगायतका पदाधिकारीहरूबीच बिहीवार जनकपुरधामस्थित मुख्यमन्त्रीको निवासमा छलफल भएको हो ।



फोटो सौजन्यः मुख्यमन्त्रीको सचिवालय

मधेसमा सञ्चालित स्वीस सहयोगको योजनालाई थप प्रभावकारी बनाउन महत्त्वपूर्ण कुराकानी भएको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ । छलफलमा नियोगका डेपुटी चिफ अफ मिसन म्याथियास मेयरको नेतृत्वमा रहेका स्वीस पदाधिकारीको टोलीले प्रदेश सरकारका विभिन्न योजना कार्यान्वयनमा सहयोग तथा साझेदारी गर्ने सहमति जनाएका छन् ।

सो क्रममा मुख्यमन्त्री सिंहले मधेसमा सिंचाइलगायत बहुआयामिक परियोजना विकास तथा विस्तारका लागि नदीबाट सिंचाइ नहर निर्माण योजना कार्यान्वयन, मधेस विश्वविद्यालयमा सङ्घीयता विषयमा अध्ययन–अध्यापन गराउने, वैदेशिक रोजगारबाट फर्केकालाई दक्षता अभिवृद्धि तथा उद्यम सञ्चालन, प्रदेशलाई पूर्ण साक्षरता बनाउने, सूचना प्रविधिको विकास तथा व्यवसायीकरणलगायतका क्षेत्रमा सहयोगका लागि प्रस्ताव गरेका थिए ।

प्रदेशमा आँप र केरालगायत फलफूलखेतीको प्रवर्द्धन तथा उत्पादनका लागि प्रविधि हस्तान्तरणका लागि मुख्यमन्त्री सिंहले नियोगका अधिकारीको ध्यानाकृष्ट गराएका छन् ।

छलफलको क्रममा स्वीस नियोगका डेपुटी चिफ अफ मिसन मेयरले एसडिसीमार्फत स्वीट्जरल्यान्डले नेपाललाई सङ्घीय लोकतान्त्रिक राज्यका रूपमा विकसित गर्न, समतामूलक सामाजिक तथा आर्थिक विकास प्रवर्द्धन गर्न र नयाँ सङ्घीय संरचनामा महिला तथा पुरुषलाई उनीहरूको अधिकार र जिम्मेवारी प्रयोग गर्न सक्षम बनाउन सहयोग गरिरहेको जानकारी गराएका थिए ।

मेयरले सङ्घीय राज्य विकास, रोजगार र आय प्रवर्द्धनसँगै नेपाली आप्रवासी कामदारको सुरक्षामा योगदान पुऱ्याउने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण, प्रकोप जोखिम न्यूनीकरण आदिका क्षेत्रमा नियोग प्रदेश सरकारसँग मिलेर काम गर्न उत्सुक रहेको बताए ।

नियोगले आगामी दिनमा प्रदेश सरकारका अल्पकालीन तथा दीर्घकालीन महत्त्वका योजनामा साझेदारी गर्ने साथै सञ्चालित योजनालाई थप प्रभावकारी बनाइने आश्वासन दिएको छ । मुख्यमन्त्री सिंहसँग भएको छलफलमा सहभागी पाँच सदस्यीय नियोगको टोलीमा नियोगका प्रशासन प्रमुख तथा अर्थविज्ञ मार्क वर्लीलगायतको सहभागिता थियो ।

# सामुदायिक मुर्लीद्वारा सचेतना कार्यक्रम



तस्वीरः प्रतीक

प्रस, वीरगंज, ३१ साउन/

सामुदायिक प्रहरी सेवा केन्द्र श्रीपुर मुर्लीले बिहीवार वीरगंज महानगरपालिका–११ मुर्लीचोकमा ट्राफिक सचेतना कार्यक्रम गरेको छ ।

कार्यक्रममा पैदलयात्रीलाई जेब्रा क्रसिङबाट बाटो काट्दा दायाँ–बायाँ हेरेर मात्र बाटो काट्न, मोटरसाइकल चालकलाई ट्राफिक सङ्केत, ट्राफिक लाइट, हेलमेटको डोरी लगाउन सम्झाइबुझाइ गरिएको थियो । कार्यक्रममा केन्द्रका सचिव कुलनारायण प्रधान (दिलीप), प्रहरी हवलदार सुभाषप्रसाद यादव, प्रहरी जवान अविनेश रायलगायतको सहभागिता थियो ।